मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २४ ◆ अङ्क : २७१ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ साउन ३२ गते शनिबार (Saturday, August 17. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**सूचना**

संघीयताको महत्वपूर्ण सार:
मानव बेचबिखन अन्त्यका
लागि जिम्मेवार र सहकार्यसहित
गरौं खबरदार ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# झापामा मदिरा नियन्त्रण असफल

### बजारमा छ्याप्छ्याप्ती नक्कली मदिरा

**बिर्तामोड, साउन ३१।** अपराध नियन्त्रणका लागि भन्दै गत बर्ष नेपाल प्रहरीले झापामा एकपछि अर्को गर्दै नयाँ-नयाँ कार्यक्रम सार्बजनिक गऱ्यो ।

अपराध रोकथाम गर्नु र जनतालाई अनावश्यक झञ्झटमा पर्नबाट बचाउन सकियोस् भन्दै तत्कालीन प्रहरी उपरीक्षक भीम ढकालले पीडितको साथी प्रहरी, टोल-टोलमा प्रहरी, घरेलु मदिरा नियन्त्रण अभियान जस्ता एकपछि अर्को कार्यक्रम सञ्चालनमा ल्याए । तर, उनले ल्याएका सबै कार्यक्रम उनको सरुवासँगै प्रभावहीन बने ।

गत बर्षको कात्तिक ७ गते झापाको कनकाई नगरपालिकामा सम्पन्न स्थानीय तहको संयुक्त बैठकले झापामा घरेलु मदिरा नियन्त्रण गर्ने निर्णय गऱ्यो ।



सोही निर्णय अनुसार गत माघ १ गतेदेखि झापालाई मदिरा नियन्त्रित जिल्ला घोषणा गरियो ।

झापाका राजनीतिक दल, उद्यमी, व्यवसायी, स्थानीय सरकार प्रमुख तथा प्रशासनको सहमतिमा कात्तिक ७ गते आन्तरिक राजश्व कार्यालयले यो अभियानको शंखघोष गरेको थियो । राजश्व कार्यालयका प्रमुख बोलराज आचार्यले तीन चार महिना भित्रै झापालाई मदिरा निषेधित जिल्ला नै बनाउने अभियानको लक्ष्य रहेको भन्दै गरेको उद्घोषमा प्रहरी उपरीक्षक ढकाल, प्रमुख जिल्ला अधिकारी जनकराज दाहाल, दलका प्रतिनिधि र जनप्रतिनिधि समेतले हस्ताक्षर गर्दै अभियानलाई पूर्ण रुपमा प्रभावकारी बनाउने प्रतिवद्धता जाहेर गरे ।

अपराधको मूल कारण मदिरा रहेको र मदिरा नियन्त्रण नभएसम्म अपराध नरोकिने भन्दै जिल्लामा घटेका अपराधका तथ्याङ्क प्रस्तुत गर्दै तत्कालीन प्रहरी उपरीक्षक ढकालले घरेलु मदिरा बेचविखनमा पूर्ण रुपमा बन्देज गरेको घोषणा गरेका थिए । घरेलु मदिरा नियन्त्रण ऐन २०३१ले नै घरेलु मदिरा उत्पादन तथा बिक्री वितरणमा रोक लगाएपनि पछिल्लोपटक प्रहरीले शुरु गरेको अभियानले प्रभावकारिता पाउने धेरैले विश्वास लिएका थिए । तर, प्रहरी उपरीक्षक ढकालले शुरु गरेको अभियान उनी वरिष्ठ प्रहरी उपरीक्षकमा बढुवा भएर काठमाडौं सरुवा भएसँगै अभियान नारामै सीमित बन्न पुग्यो ।

अन्त:शुल्क छलेर मदिराको अवैध कारोवार हुँदै आएको झापामा यो अभियान शुरु भएसँगै अन्त:शुल्कको नक्कली स्टिकर टाँस गरेको समेत फेला परेको थियो । घरेलु मदिरामा भारतमा निर्मित मदिराका स्टिकर टाँसेर बजारमा छ्याप्छ्याप्ती नक्कली मदिरा भेटिनु र मदिराको अवैध कारोवार रोक्नुमा अभियानले सहयोग पुऱ्याए पनि अभियानलाई निरन्तरता नदिँदा अहिलेपनि भारतबाट लुकाइछिपाइ ल्याएर स्टीकर टाँस्दै खुलेआम नक्कली रक्सीको बेचबिखन भइरहेको छ ।

*(बाँकी अन्तिम पृष्ठमा)*

# 'फेक आइडी' बनाएर ८00 बढीलाई ठगी

**झापा, साउन ३१।** अमेरिका, क्यानडा, अस्ट्रेलिया भनेपछि हुरुक्कै हुने नेपाली युवाको संख्या कम छैन । त्यसैले कसैले यी देशहरुमा पठाइदिने भनेपछि सहजै पत्याउँदा ठगिनेहरुको संख्या पनि बढ्दैछ ।

झापामा यस्तै घटना घट्यो । एकै व्यक्तिले क्यानडा लगायत युरोपियन देश पठाइदिने भन्दै आठ सयभन्दा बढीलाई ठगेको पाइएको छ । झापालीलाई ठग्ने ती युवालाई प्रहरीले साउन १९ गते झापाको काँकरभिट्टा क्षेत्रबाट पक्राउ गरेको हो । पक्राउ पर्नेमा मोरङको उर्लाबारी नगरपालिका-७ बरगाछीका ३५ वर्षीय रामबहादुर खड्का रहेका छन् । प्रदेश नम्बर १को प्रहरी टोली, जिल्ला प्रहरी कार्यालय झापा र इलाका प्रहरी कार्यालय अनारमनीको सादा पोशाकका प्रहरीले खड्कालाई पक्राउ गरेको हो ।

इलाका प्रहरी कार्यालय बिर्तामोडले पीडितको संवेदनशीलता र अनुसन्धानका कारणले ढिलो गरी सञ्चारमाध्यममा सार्वजनिक गरिएको बताएको छ ।

**ठग्नकै लागि पाँचवटा 'फेक आईडी'**

इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायब उपरीक्षक (डीएसपी) मोहन थापाका अनुसार रामबहादुर खड्का भनिने महेशजंग थापाले सन् २०१२मा नै पाँचवटा फेसबुक एकाउन्ट खोलेका थिए । उनले महेशजंग थापा, विश्वजित थापा, आरभ

*(बाँकी अन्तिम पृष्ठमा)*

**जग्गा बिक्रीमा**

झापाको साविक गोलधाप गाविस हाल हल्दिबारी गाउँपालिका वडा नम्बर १मा रहेको १-८-०-० (एक बिगाह ८ कठ्ठा) जग्गा बिक्रीमा रहेकोले इच्छुक महानुभावले सम्पर्क राख्नुहोला

**जग्गाको बिशेषता**

पानी नजम्ने, प्राकृतिक जंगल तथा हरियाली, २५ फिटको बाटोले छोएको, उर्वरा माटो ।

**सम्पर्क: ९८२५९२९०६६**

**नि:शुल्क शिविरको सूचना**

आज शनिवारका दिन महिला तथा स्त्री रोग विशेषज्ञ **डा. लता श्रेष्ठ**बाट एक दिने नि:शुल्क स्वास्थ्य शिविरको आयोजना हुने भएकोले मौकाको फाइदा लिनुहुन सम्पूर्ण विरामी वर्गमा यो सूचना गरिन्छ ।

**नोट: सो दिन ल्याब टेस्ट र भिडियो एक्स-रे मा ५0प्रतिशत छुट र औषधि नि:शुल्क वितरण हुनेछ ।**

**स्थान: महिला सामुदायिक अस्पताल, बुद्धशान्ति, बुधवारे, झापा**
**समय: विहान ९ बजेदेखि दिउँसो २ बजेसम्म**

**आयोजक: महिला सामुदायिक अस्पताल**
**लायन्स क्लब अफ बिर्तामोड**

**पसल विक्रीमा**

बिर्तामोडस्थित लिटल फ्लावर्स स्कूल अगाडि चालू अवस्थामा रहेको रंगीन माछाको एक्वारियम पसल तु-विक्रीमा छ ।

**सम्पर्क: ९८०७०७३२३८, ९८१६९६५८२८**

**कर्मचारी आवश्यकता**

पाथीभरा सिने प्लाजाको भुइँ तल्लामा अब चाँडै नै **'पाथीभरा रेष्टुरेन्ट एण्ड बार'** सञ्चालनमा आउने भएको हुँदा निम्न बमोजिमका पदहरुको लागि विज्ञापन आव्हान गरिएको छ ।

१) कुक: २ जना (इण्डियन र चाइनिज खाना बनाउन जान्ने)
२) एकाउन्टेन्ट: १ जना (महिला), +२ पास
३) वेटर: २ जना (१) पुरुष, (१) महिला
४) हेल्पर: २ जना
५) क्लिनर २ जना

**अन्तरवार्ता भदौ ७ गते शनिवार**

**सम्पर्क: पाथीभरा रेष्टुरेन्ट एण्ड बार**
**मो. ९८४२७५०५६६, ९८४२६२५५०९**



**अब स्वास्थ्य विमा सेवा मेची नेत्रालय आँखा अस्पतालमा**

यही भदौ एक १ गतेबाट यस मेची नेत्रालय आँखा अस्पतालमा स्वास्थ्य विमा कार्यक्रमको सेवा उपलब्ध रहने हुँदा सम्पूर्ण नेपालीहरुमा सो सर्हष जानकारी गराउँदै समयमै आँखा उपचार गराउन हुन अनुरोध गर्दछौं ।

**मेची नेत्रालय आँखा अस्पताल**

बाहुनडाँगी रोड, मेचीनगर-६, काँकरभिट्टा, झापा नेपाल
फोन नं. ०२३-५६२३५८, ०२३-५६३६२८

Study in **JAPAN**

**Free Seminar**

**Tomorrow**



Seminar Presented by:
Mrs. Watanabe Dung
College Recruitment Officer
ARMS / H & A Japanese Language School Nagoya, Japan

Date: 18 August, (Sunday) 2019 / Time: 7:30 am onwards
Venue:- Fast Track Office Premises

**Highlights**
- High Visa Success Rate Nagoya till the date
- Affordable Tuition Fees only 7,77,600JPY.
- Part Time Job Facility
- We represent best Colleges & Universities in Japan

Intake: April 2020

**Requirements**
+2 Passes & Above
NAT | JLPT Optional

For more Information:

**FAST TRACK**
EDUCATION CONSULTANCY (P) LTD, BIRTAMODE
Shanischare Road Birtamode, Jhapa (Opp. to Everest Bank)
Phone No. 023-540359, Mob.: 9816038804,9863976183
www.fasttrack.edu.np fasttrackeducation@gmail.com fb.com/fasttrackedu

RAYS DESIGN & PRINT

नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**

**पानीटंकीको पहिलो गल्ली बायाँ साइड**

सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

## हराएका दर्लामी मृत फेला

**बिर्तामोड, साउन ३१।** झापाको भद्रपुर नगरपालिका-१मा एक व्यक्ति मृत फेला परेका छन् ।

जिल्ला प्रहरी कार्यालय झापाका अनुसार ४२ वर्षीय जीतबहादुर दर्लामी आफ्नै खेतमा शुक्रवार मृत फेला परेका हुन् । उनी गत साउन २९ गते घरबाट हिँडेको र खोजी गर्दा समेत फेला नपरेको भन्दै प्रहरीलाई उनको खोजी गरिदिन परिवारले आग्रह गरेको बताइएको छ ।

तुलसी चौक निवासी दर्लामी आफ्नै खेतमा मृत फेला परेपछि स्थानीयले प्रहरीलाई खबर गरेको र पोष्टमार्टमका लागि उनको शव मेची अञ्चल अस्पताल भद्रपुर पठाएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्र श्रेष्ठले जानकारी दिए ।



◆ T.U. Equivalent Degree ◆ Approved by Ministry of Education, Nepal

**ADMISSION OPEN in BBA**

**BALMIKI LINCOLN COLLEGE**
Birtamode, Jhapa
Tel. 023-542373 Mob. 9815999988
www.facebook.com/balmikilincoln balmiki.lincoln@gmail.com

## स्कूल विभाग ईश्वरलाई

**काठमाडौँ, साउन ३१।** सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टीले सबैभन्दा चर्को विवाद रहेको स्कुल विभागको जिम्मेवारी ईश्वर पोखरेललाई दिएको छ । यसमा पार्टी प्रवक्ता नारायणकाजी श्रेष्ठको पनि दाबी थियो ।



पूर्वएमालेले पोखरेल र पूर्वमाओवादीले श्रेष्ठको नाममा अडान लिएपछि स्कुल विभाग प्रतिष्ठाको विषय बनेको थियो । त्यस्तै विदेश विभागको इञ्चार्जमा माधव नेपाललाई चयन गरेको छ । त्यस्तै यो विभागको सहइञ्चार्जमा राम कार्की चयन भएका छन् ।

यसमा पार्टी प्रवक्ता नारायणकाजी श्रेष्ठको पनि दाबी थियो । पूर्वएमालेले पोखरेल र पूर्वमाओवादीले श्रेष्ठको नाममा अडान लिएपछि स्कुल विभाग प्रतिष्ठाको विषय बनेको थियो ।

त्यसैगरी नीति अनुसन्धान विभाग झलनाथ खनाल, संगठन विभागको जिम्मेवारी वामदेव गौतम तथा अर्थ तथा योजना विभागको जिम्मेवारी सुरेन्द्र पाण्डेले पाएका छन् । भिन्न ३३ विभागमध्ये १९ विभागमा पूर्वएमालेका नेताहरू चयन भएका छन् ।

१४ वटामा पूर्वमाओवादी केन्द्रका नेताहरूले जिम्मा पाएका छन् । त्यसैगरी नेकपाले सातै प्रदेशमा थप २ जना सहइञ्चार्ज तोक्ने पनि निर्णय गरेको छ ।

## फोनिजमा नयाँ नेतृत्व



**अर्जुनधारा, साउन ३१।** नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज)को प्रथम महाधिवेशनबाट अर्जुन जम्नेली राईको अध्यक्षतामा २१ सदस्यीय प्रादेशिक समिति सर्वसम्मत गठन भएको छ ।

फोनिजको शुक्रबार सम्पन्न महाधिवेशनको बन्दसत्रले राईको अध्यक्षतामा उक्त समिति सर्वसम्मत गठन गरेको हो । नवगठित समितिको उपाध्यक्षद्वयमा भूमिका सुब्बा र फिपराज वेघा, महासचिवमा बिदुर खवास, संगठन सचिवमा सन्देश सुब्बा र संस्थागत सचिवमा अप्सरा समाल मगर र कोषाध्यक्षमा सुशन राई चयन भएका छन् ।

त्यसैगरी समितिको सदस्यहरुमा अतित योङ्हाङ, चन्द्रकुमार राई, टंकलाल राई, नवीन गुरुङ, प्रदीपकुमार चौधरी, प्रेम देवान, प्रेमबहादुर पापो, भाष्कर चौधरी, महेन्द्र मादेन, मानवी तामाङ, राजन साम्पाङ, बिजय धिमाल, बिनादेवी तामाङ र साहारा लिम्बू चयन भएका छन् ।

त्यस्तै घनेन्द्र केरुङको संयोजकत्वमा खगेन्द्रकुमार राई र ज्ञानु केदेम लिम्बू सदस्य रहेको तीन सदस्यीय लेखा समिति गठन भएको छ । प्रदेश नम्बर १का मुख्यमन्त्री शेरधन राईले उद्घाटन गरेको महाधिवेशनले ११ बुँदे उदयपुर घोषणा-पत्र जारी गरेको छ ।

जारी गरिएको घोषणा पत्रमा फोनिजले उठाएको समावेशी सञ्चार नीति प्रदेश सरकार र स्थानीय तहहरुबाट लागू गर्नुपर्ने, श्रमजीवी पत्रकार ऐन तत्काल कार्यान्वयन गर्नुपर्ने, प्रदेश सरकार र स्थानीय तहहरुले बजेट निर्माण गर्दा आदिवासी जनजाति लक्षित कार्यक्रमहरु अनिवार्य समावेश गर्नुपर्ने, वर्तमान सरकारले पेश गरेको मिडिया काउन्सिल विधेयक प्रेस स्वतन्त्रा विरोधी भएकाले सरोकारवालाहरुसँग आवश्यक छलफल गरेर मात्र पेश गर्नुपर्ने, प्रदेश नम्बर १को नामांकन ऐतिहासिक पहिचानको आधारमा किरात-लिम्बुवान-खम्बुवान घोषणा गर्नुपर्नेलगायत उल्लेख गरिएको छ ।

## चर्को स्वरमा गीत गाउँदा फोक्सो च्यातियो

**काठमाडौं, साउन ३१।** एक चिनियाँ पुरुषले निकै चर्को स्वरमा गीत गाउने हुँदा फोक्सो च्यातिएको छ ।

वाङ नाम गरेका ६५ वर्षीय व्यक्तिले चर्को स्वरमा लगालग १० वटा गीत गाउँदा फोक्सो च्यातिएको स्थानीय सञ्चारमाध्यमहरूले लेखेका छन् ।

गीत गाउँदै जाँदा उत्साहित भएर उनले लगालग गाएका थिए । जियाङ्शी प्रान्तको नान्चाङ काउन्टीमा गीत गाउँदै गर्दा वाङलाई सास फेर्न गाह्रो भएको थियो अनि छाती दुख्न थालेको थियो ।

उनलाई तत्काल अस्पताल लगिएकोमा आकस्मिक विभागका चिकित्सकहरूले उनको फोक्सो च्यातिएको पाए । गीत गाउँदा छातीमा दबाब परेकाले उनको फोक्सो च्यातिएको थियो ।

यसअघि सन् २०१७मा अर्का एक व्यक्तिले कन्सर्टमा चिच्याएर गीत गाउँदा उनको फोक्सो च्यातिएको थियो । वाङले गीत गाउँदै जाँदा असहज अनुभव गरेका थिए तर त्यसलाई बेवास्ता गरे । तर पीडा बढ्दै गएपछि उनी अस्पताल गएका थिए ।

# २५ हजारमा फार्मेसीको परीक्षा पास !

**गौरव पोखरेल**

**काठमाडौं, साउन ३१।** प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सीटीईभीटी) अन्तरगत सञ्चालित सुनसरी प्राविधिक कलेजको परीक्षामा अनियमितता भएको सार्वजनिक भएको छ ।

तीन वर्षे 'डिप्लोमा इन फार्मेसी'को पहिलो वर्षको भौतिकशास्त्र विषयको परीक्षामा उत्तर पुस्तिका नै फेरिएको पाइएपछि प्रहरीले ११ जना बिद्यार्थीलाई पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय, धरानका डीएसपी ढुण्डीराज न्यौपानेका अनुसार पक्राउ पर्नेमा एक पुरुषसहित १० जना महिला छन् ।

उनले भने- 'दुई दिनअघि पक्राउ गरेर जिल्ला अदालत, सुनसरीबाट म्याद थप समेत गरिसकेका छौं ।' अनुसन्धान अधिकृत स्रोतका अनुसार, आफूलाई कलेजका अध्यक्ष लेखीराज लिम्बूका स्वकीय सचिव बताउने किरणराज भण्डारीको संलग्नतामा उत्तरपुस्तिका साटिएको पाइएको छ । स्रोत भन्छ- 'भण्डारीको संलग्नता खुलेपछि जिल्ला अदालत, सुनसरीबाट पक्राउ पूर्जी जारी भइसकेको छ तर, उनी फरार छन् ।'

**यसरी खुल्यो पोल**

अनुसन्धान अधिकृतका अनुसार, सुनसरी कलेजको परीक्षा केन्द्र धरान-१९स्थित किरातेश्वर माविमा थियो ।

शुक्रबार भएको परीक्षा निरीक्षणका लागि पुगेका केन्द्राध्यक्ष योगेन्द्र पालुङ्वाले परीक्षा दिइरहेका पाँचथरका ४३ वर्षीय केदारबहादुर खड्काको गोजीमा उत्तरपुस्तिका देखेपछि सोधपुछ गरेका थिए । 'परीक्षा शुरु भएको डेढ घण्टापछि पुस्तिका भेटिएको थियो'- अनुसन्धानमा संलग्न अधिकृत भन्छन्- 'हेर्दा उनी आफैंले लेखेको पुस्तिका गोजीमा राखेका रहेछन् ।'

स्रोतका अनुसार, त्यसबेलासम्म उनले बाहिरबाट ल्याएको उत्तरपुस्तिका आफ्नो कापीभित्र घुसाइसकेका थिए तर, स्टीच लगाउन भ्याएका थिएनन् । 'बीचमा अर्को उत्तर पुस्तिका राखेपछि त्यही डोबमा स्टीच लगाउने गरेको देखिएको छ'- अनुसन्धान अधिकृत भन्छन्- 'कभर पेज सक्कली नै हुन्थ्यो तर उत्तर लेखेको पेज चाहिँ बाहिरबाट ल्याएर राख्ने गरेको देखिएको छ ।'

उत्तरपुस्तिका कसरी कक्षा कोठासम्म पुग्यो भन्ने खुलेको छैन । यद्यपि, प्रारम्भिक छानविनमा हलमा बस्ने पर्यवेक्षकदेखि कलेजका अधिकारीको पनि संलग्नता हुनसक्ने देखिएको बताइएको छ । 'पर्यवेक्षकको सहयोगविना हलसम्म अर्को उत्तर पुस्तिका पुग्नै सक्दैन'- एक अनुसन्धान अधिकृत भन्छन्- 'फेरि एक जना मात्रै होइन, १५ जनाको उत्तरपुस्तिकामा फल्ट देखिएको छ ।'

स्रोतका अनुसार, परीक्षार्थी खड्काको गोजीबाट उत्तरपुस्तिका बरामद भएपछि अन्य बिद्यार्थीको पनि उत्तरपुस्तिका जाँच गर्दा थप १५ जना बिद्यार्थीको उत्तरपुस्तिका शंकास्पद भेटिएको थियो । तीमध्ये १० जना महिला पक्राउ परेका छन् भने ५ जना फरार छन् । 'उहाँहरुको उत्तरपुस्तिका हेर्दा अगाडिको पेजमा भएको अक्षर र भित्रको अक्षर मिलेन'- प्रहरी अधिकृत भन्छन् । उत्तरपुस्तिकाको वैज्ञानिक परीक्षणका लागि प्रहरी प्रयोगशालामा पठाउने प्रहरीको तयारी छ ।

**२५ हजारमा उत्तर पुस्तिका ?**

धरानका डीएसपी न्यौपानेकाअनुसार, उत्तरपुस्तिका कसरी तयार भयो भन्ने विषयमा अनुसन्धान भइरहेको छ । 'परीक्षा दिएको एक घन्टामै उत्तरपुस्तिका बुझाएर निस्किन पाइने रहेछ'- उनले भने- 'त्यसैले प्रश्नपत्र बाहिर गएपछि उत्तर लेखेर पुस्तिका भित्र्याएको हुनसक्ने देखिएको छ ।'

कलेजका सञ्चालक लिम्बूको स्वकीय सचिव भण्डारीकै नेतृत्वमा यो काम भएको दाबी अनुसन्धान अधिकृतको छ । पक्राउ परेका एक बिद्यार्थीले दिएको बयानलाई आधार मान्ने हो भण्डारीले नै २५ हजार रुपैयाँप्रति व्यक्ति लिएर उत्तरपुस्तिका मिलाउन डिल गरेका थिए ।

'उनको प्रस्ताव अस्वीकार गरेका केही बिद्यार्थीले ५० हजारदेखि लाख रुपैयाँसम्म मागिएको भनेका छन्'- ती अधिकृत भन्छन् ।

**प्रहरी अनुसन्धानमा असहयोग**

अनुसन्धान अधिकृतका अनुसार, कलेजले प्रहरी अनुसन्धानमा सहयोग गरेको छैन । यतिसम्म कि परीक्षा केन्द्रमा कति परीक्षार्थी सहभागी भएका थिए भन्ने विवरण समेत उपलब्ध गराएको छैन । विवरण माग गर्दै कलेजलाई लिखित पत्राचार समेत गरिएको थियो । तर, कुनै जवाफ आएको छैन । बरु कलेज सञ्चालक यो प्रकरणलाई लुकाउन राजनीतिक लबिङमा लागेको अनुसन्धान अधिकृत बताउँछन् ।

कलेज सञ्चालक सुब्बाले भने परीक्षा आफ्नो कलेजमा नभएको तथा परीक्षा केन्द्र तोक्ने र परीक्षा लिने काम पनि सीटीइभीटीको भएकाले कलेजको दायित्व विद्यार्थीलाई केन्द्रमा पठाउने मात्रै भएको बताए । 'जहाँसम्म भण्डारीको कुरा छ, हामी कहाँ १४ सयभन्दा बढी स्टाफ छन् । तीमध्ये कसको के नियत हुन्छ भन्ने थाह हुँदैन'- उनले भने- 'हामीले घटनामा संलग्नता देखिने बित्तिकै उनलाई निस्काशित गरिसकेका छौं ।'

'पैसा दिएर पास हुन्छु भन्ने सोच्ने विद्यार्थी पनि वेवकुफ हो । जुन घटना भयो, त्यसमा कस-कसको संलग्नता छ, छानविन भएर कारबाही हुनुपर्छ'- उनले भने । साउन १७ गते शुरु भएको फार्मेसीको परीक्षा भदौ २२ मा सकिनेछ ।

# निर्देशिकालाई अभिकर्ता संघको स्वागत

**बिर्तामोड, साउन ३१।** मौद्रिक नीतिमार्फत नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशिकालाई पेशागत बिमा अभिकर्ता संघ नेपालले स्वागत गरेको छ ।

संघले नेपाल राष्ट्र बैंकका गर्भन चिरञ्जीवी नेपाललाई आफ्नो आधिकारिक धारणा सहितको ज्ञापन पत्र बुझाउँदै बैंक तथा बित्तीय कम्पनीहरुको स्वच्छन्दता र विश्वासलाई जोगाउन र भविष्यमा पर्न सक्ने असरहरुलाई मध्यनजर गर्दै वित्त कम्पनीहरुलाई बिमा सम्बन्धी कामहरु गर्न बन्देज लगाउन गरिएको निर्णयलाई स्वागत गर्दछौं भनिएको छ ।

बैंकहरुले बचतकर्ताहरु तथा ऋणीहरुलाई जबरजस्ती बिमा गर्न लगाउने, बिमा नगरेसम्म ऋण स्वीकृत नगरिएको,स्वीकृत गरिएको ऋणलाई पनि बिमा नगरेसम्म बचतकर्तालाई भुक्तानी नदिएको, बचतकर्तालाई निःशुल्क बिमा गरिदिने भनी गलत बिज्ञापन गरेको विषयमा सघंले यसअघि पनि पटक-पटक आवाज उठाउँदै आएको संघका केन्द्रीय अध्यक्ष नन्दप्रसाद तिवारीले बताए ।

बैंक बिमा कम्पनीहरुको बीचमा बैंकास्योरेन्सका नाममा सम्झौता गरेको भनेर दिनहुँ जसो सञ्चार माध्यममा प्रचार गरिए पनि नेपाल राष्ट्रिय बैंक तथा विमा ऐन कतै उल्लेख नभएको पेशागत बिमा अभिकर्ता संघका केन्द्रीय सदस्य चन्द्रप्रसाद कडरिया सीपीले बताए । उनले भने- २०७६ साउन २२ गते नेपाल वर्कस संघले प्रेस विज्ञप्ति जारी गर्दै बैंकहरुलाई बैंकास्योरेन्स गर्न बन्देज लगाउनु उचित नभएको हाम्रो ठहर छ ।

उक्त निर्णय पुनरावलोकन गर्न राष्ट्र बैंकलाई अनुरोध गरेको उनले बताए । उनले अन्तर्राष्ट्रिय रुपमै असफल सिद्ध भइसकेको नेपाल सरकारले जारी गरेको मौद्रिक नीति अन्तर्गत राष्ट्र बैंकको विधिवत निर्देशनमार्फत खारेज भएको बैंकास्योरेन्स फेरि व्युँत्याउन खोज्नु मुर्खतापूर्ण रहेको बताए ।

राष्ट्र बैंकको निर्देशिका बिपरीत अझै पनि कतिपय बैंकहरुको भिन्न-भिन्नै पोलिसी पाइएको छ- नेपाल लाइफ इन्सुरेन्स कम्पनी लि.का बिमक समितिका केन्द्रीय सल्लाहकार समेत रहेका कडरियाले भने- उक्त हर्कत बन्द नगरे देशभरका ५ लाखको संख्यामा रहेका अभिकर्ताहरु आन्दोलनमा उत्रन बाध्य हुने छन् । संघले राष्ट्र बैंकलाई बैंक तथा वित्तीय कम्पनीले बिमा सम्बन्धी काम गर्दा पर्ने असरहरुको विषयमा समेत जानकारी गराएको छ ।

# पत्रकार रविसहित तीनलाई हिरासतमा राख्न आदेश

**चितवन, साउन ३१।** चितवन जिल्ला अदालतले रवि लामिछानेसहित तीन जनालाई अनुसन्धानका लागि भन्दै पाँच दिन हिरासतमा राख्न म्याद थप गरेको छ ।

न्यायाधीश बिनोदकुमार शर्माले विहीवारबाट लागू हुने गरी ५ दिन हिरासतमा राख्न म्याद थप गरेका हुन् । पत्रकार शालिकराम पुडासैनीको आत्महत्या सम्बन्धी मुद्दामा प्रारम्भिक सुनुवाइ गर्दै शर्माको इजलासले रविसहित ३ जनालाई अनुसन्धानको लागि म्याद थपिएको हो । लामिछानेसहित पत्रकार युवराज कँडेल र ओखलढुंगाकी अस्मिता कार्कीलाई प्रहरीले विहीवार काठमाडौंबाट पक्राउ गरेको थियो । तीनैजना प्रहरी हिरासतमा छन् ।

चितवन र काठमाडौं प्रहरी परिसर टोलीले कार्यक्रम प्रस्तोता लामिछाने र कँडेललाई न्युज २४ टेलिभिजन कार्यालय परिसरबाटै पक्राउ गरेको थियो भने कार्कीलाई दिउँसो नियन्त्रणमा लिएको



थियो । लामिछाने र कँडेललाई अर्का पत्रकार शालिकराम पुडासैनीको आत्महत्यामा दुरुत्साहन गरेको अभियोगमा अनुसन्धानका लागि नियन्त्रणमा लिएको प्रहरीको दावी छ ।

## झापामा ...

श्रोतका अनुसार झापाको काँकरभिट्टा, धुलाबारी, चारआली, बिर्तामोड, भद्रपुर, शनिश्चरे, सुरुङ्गा, झिलझिले, दमकमा यस्तो रक्सीको खुलेआम कारोवार भइरहेको छ । अझ ग्रामीण क्षेत्रमा त महिलाले घरेलु मदिरा उत्पादन र विक्री बितरणबाटै वर्षौंदेखि जीवीकोपार्जन गर्दै आएका छन् ।

घरेलु मदिरामा अधिकांश स्पीरिड नामको केमिकल प्रयोग गर्ने गरेका छन् । त्यो पनि भारतबाट अवैध रूपमा आयात गरिन्छ । नक्कली मदिराको बढ्दो प्रयोग र बिक्री वितरणका कारण राज्यले वार्षिक करोडौं रुपैयाँ राजश्व गुमाउँदै आएको छ । यसतर्फ नियमनकारी निकायले अहिलेसम्म कुनै चासो दिएको छैन ।

योसंगै प्रहरीले झापामा यौनजन्य अपराधका घटनामा बृद्धि भएको भन्दै महिलामाथि हुने यस्ता अपराधका घटना रोक्न विशेष सुरक्षा रणनीति बनाएको थियो । जसका लागि जिल्लाका विभिन्न स्थानमा २ सय ३५ प्रहरी परिचालन गरिएको थियो ।

पछिल्लो समय दिनप्रतिदिन बालिकादेखि वृद्धासम्म यौनजन्य अपराधका कारण पीडित बन्दै गएको भन्दै प्रहरीले त्यस्ता अपराधका घटना न्यूनीकरणका लागि अभियान शुरु गरे पनि सो अभियान समेत अहिले नारामा मात्रै सीमित छ ।

टोलीले यौनजन्य अपराधका घटना र यसको कारकतत्वको खवर संकलन गरी विश्लेषण गर्ने, यौनजन्य घटना घटाउने अभियुक्तलाई तत्काल पक्राउ गरी हदैसम्मको सजाय दिलाउने, विशेष सुरक्षा परिचालनमार्फत पीडितका आफन्त र आम नागरिकमा सुरक्षाको थप अनुभूति दिने लगायतका उद्देश्यले यो अभियान पनि तत्कालीन प्रहरी उपरीक्षक ढकालले नै शुरु गरेका थिए । जसका लागि सादा पोशाकमा ५०, मोटरसाइकल गस्तीमा एक सय जना, तलासी लिने टोलीमा ३५ जना, पैदल गस्तीमा ३५ र अनुसन्धान टोलीमा १५ जना प्रहरी परिचालन गरिएको थियो ।

त्यस्तै पीडितको साथी प्रहरी जिल्ला प्रहरी कार्यालय झापाले सञ्चालन गरेको अर्को अभियान हो । यो अभियान गत वर्ष असोज १५ गतेबाट शुरु भएको थियो । अभियान अन्तर्गत प्रहरीले आएका गुनासालाई छिटो भन्दा छिटो समाधान गर्दै पीडितलाई न्याय दिने उद्देश्य राखिएको थियो । जसका लागि जिल्लाका ५४ वटा युनिटमा एकै साथ पीडितको साथी कार्यक्रम लागू गरिएको थियो । तर, उक्त कार्यक्रम समेत सफल हुन सकेन ।

पछिल्लो समय झापामा एक पछि अर्को गर्दै अपराधका घटना मौलाई रहँदा समेत झापा प्रहरीले प्रभावकारी रुपमा शान्ति सुरक्षाको बन्दोवस्त मिलाउन नसकेको बताइएको छ । जसका कारण जिल्लाको शान्ति सुरक्षा प्रति नै स्थानीयले शंका गर्न शुरु गरेका छन् ।

प्रहरी हिरासतमा रहेका तीन थुनुवा फरार हुनु, सुरक्षार्थ खटिएका प्रहरीले नै हतियार हराउनु, कारागारबाट कैदी फरार हुनु, हिरासत कक्षमै झुण्डिएर आत्महत्या गर्नु र आत्महत्याको प्रयास हुनु, प्रहरी चौकी नजिकैको वडा कार्यालयमा वम विष्फोट हुनु जस्ता घटनाले समेत प्रहरीले जन विश्वास गुमाउँदै आएको छ ।

सात महिना अघि झापाको भद्रपुर-९ मा रहेको मनषा सिमेन्ट उद्योगमा कार्यरत एक कर्मचारीको हत्या भयो । पर्शुराम अग्रवालले सञ्चालन गरेको सो उद्योगका म्यानेजर भारत घर भएका कमल दुगडको हत्या भएको यतिका समय बितिसक्दा समेत प्रहरीले हत्यारा पत्ता लगाउन सकेको छैन ।

२०७५ साउनमा झापा कारागारमा रहेका एक कैदी फरार भए । फरार कैदीलाई प्रहरीले अहिलेसम्म पक्राउ गर्न सकेको छैन । गौरादह नगरपालिका-८ का २४ वर्षीय उमेश माझी कारागारमा बिजुली मर्मतको काम गर्दै आएका थिए ।१४ वर्षीया बालिका करणीको आरोपमा जेल परेका उनी बिजुली मर्मतकै क्रममा दिउँसै फरार हुँदा समेत प्रहरीले सुइँकोसम्म पाएन । उनी फरार भएपछि जिल्ला प्रहरी कार्यालय झापाका तत्कालीन प्रहरी नायव उपरीक्षक जीतेन्द्रकुमार बस्नेतको नेतृत्वमा छानविन समिति बन्यो तर, सो समिति समितिमै सीमित भयो ।

कारागारको सुरक्षार्थ खटिएका एक प्रहरीले १४ राउण्ड गोलीसहित इटलियन पेस्तोल हराउँदा समेत अहिले झापा प्रहरी मौन छ । कारागारको नेतृत्व सम्हालेका प्रहरी नायव निरीक्षक नरेश आचार्य विदामा रहेका बेला हतियार हराएको हो । आचार्य विदामा रहेका वेला प्रहरी सहायक निरीक्षक हिरण सिंहलाई कारागारको नेतृत्व प्रदान गरिएको थियो ।

कारागार सुरक्षार्थ खटिएको प्रहरीले हतियार हराएपछि प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठको संयोजकत्वमा छानविन समिति बनाइएको थियो तरसो समितिले अहिलेसम्म प्रतिवेदन सार्वजनिक गरेको छैन ।

गत असोजमा इलाका प्रहरी कार्यालय अनारमनीको दुई सय मिटर परिसरभित्रै एक गहना पसलमा पेस्तोल देखाएर दिउँसो ३ बजे लुटपाट भयो । लुटपाटमा सम्लग्न सीसी क्यामेराको निगरानीमा परे । तर, गहना पसल लुट्ने लुटेरालाई अहिलेसम्म प्रहरीले पक्राउ गर्न सकेको छैन । योसँगै बिर्तामोडमा रहेको एनएमवी बैंकबाट १७ लाख रुपैयाँ दिउँसै लुटियो । गत कात्तिक ११ गते दिउँसो ताप्लेजुङ याम्फुदिन-१का शेरवहादुर गुरुङले बैंकमा रकम जम्मा गर्न भौचर भर्दै गर्दा १६ लाख ९९ हजार रुपैयाँसहितको झोला लिएर लुटेरा समूह फरार भएको थियो । त्यसको समेत अहिलेसम्म प्रहरीले अत्तोपत्तो लगाउन सकेको छैन । रकम लुटेर भाग्ने व्यक्ति सीसी क्यामेराको फुटेजमा देखिन्छ तर, प्रहरीले अहिलेसम्म लुटपाटमा सम्लग्नलाई फक्राउ गर्न असफल हुनुले झापामा सुरक्षा चुनौति बढेको प्रष्ट हुन्छ ।

एक पछि अर्को गर्दै लुटेरा समूहले बैंक तथा बित्तीय संस्था लुट्दा समेत प्रहरीले सुरक्षा रणनीति परिर्वतन नगर्दा झापाको घैलाडुब्बामा रहेको नेपाल बहुउद्देश्यीय सहकारी संस्थाबाट पनि गतअसार महिनामा मात्रै १८ लाख ८० हजार रुपैयाँ चोरी भयो ।

एनएमसीको सेफ नै तोडेर दुई व्यक्तिले रकम चोरी गरेको सीसी क्यामेरामा देखिए पनि चोरीमा सम्लग्नलाई प्रहरीले अहिलेसम्म पक्राउ गर्न सकेको छैन ।

यता गत असारमै बिर्तामोडस्थित अतिथि सदन नजिकैबाट एक बालिका अपहरणमा परिन् । अपहरणकारीले ८ वर्षीया बालिकालाई अपहरण गरी सीटी सफारीमा लगे । बालिकालाई अपहरण गर्दाको सीसी क्यामेराको फुटेज अनुसार बिनायक होटल नजिकैबाट ती बालिकालाई पश्चिम बर्सपाकतर्फ लाँदै गरेको दृश्य प्रष्ट देखिन्छ । तर, अपहरणमा सम्लग्नलाई प्रहरीले अहिलेसम्म पक्राउ गर्न सकेको छैन । बालिका भने सोही दिन अपहरणकारीको पञ्जाबाट फुत्किएर घर फर्किएकी थिइन् ।

त्यस्तै शिवसताक्षी नगरपालिकामा भएको आगलागीमा परी परिवारका चारैजनाले ज्यान गुमाए । सो घटना अहिलेसम्म रहस्यमय छ । कतिपयले सो घटना नियोजित रुपले घटाएको भने पनि प्रहरीले त्यस विषयमा कुनै आधिकारिक धारणा सार्वजनिक गर्न सकेको छैन ।

झापामा घटेका यी केही प्रतिनिधि घटना मात्रै हुन् । एक पछि अर्को गर्दै झापामा अपराधका घटना दिनहुँ घटिरहेपनि जिल्ला प्रहरी कार्यालय झापा भने शान्ति सुरक्षामा भन्दा कमाउ धन्दामा लागेको बताइएको छ । प्रहरी स्रोत भन्छ- जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले तस्करसँग साँठगाँठ गर्दै लाइन मिलाउने काम गरिरहेका छन् । उनले प्रहरी चौकीदेखि तस्करबाट समेत अवैध असुली गरिरहेका छन् ।

यता विशेष परिस्थितिमा बाहेक घुमुवा प्रहरी राख्न नपाइने प्रहरी ऐनमा नै व्यवस्था छ । तर, जिल्ला प्रहरी कार्यालय झापाले प्रहरी ऐन विपरीत घुमुवा प्रहरी राखेको छ । झापामा रहेका घुमुवा प्रहरीले अहिले अबैध असुली गरिरहेका छन् । होटलदेखि तस्करसम्म खुलेआम अवैध रकम असुल्दा समेत रमिते बनेको जिल्ला प्रहरी कार्यालय झापाले भने अपराध नियन्त्रणमा उल्लेख्य सफलता मिलेको बताउँदै आएको छ ।

जिल्ला प्रहरी प्रमुख दिनेशराज मैनालीले झापा प्रहरीले पछिल्लो समय अपराध नियन्त्रणमा ठूलो फड्को मारेको र आचरण बिपरीत काम गर्ने प्रहरीलाई समेत कारवाही गरेको बताएका छन् । तर, उनकै संरक्षणमा तस्करी हुँदा कतिपयले भने नाङ्लो ठटाएर हात्ती तर्साएको भन्दै आएका छन् ।

यता नेत्रबिक्रम चन्द बिप्लव समूहले पनि झापामा श्रृङ्खलाबद्ध बम विष्फोट गराउनुले झापामा झापामा सुरक्षा चुनौति बढेको प्रष्ट हुन्छ । पछिल्लो समय बितामोड नगरपालिका- ७, ८ र ९को संयुक्त वडा कार्यालयमा बम बिष्फोट गराउने विप्लव नेतृत्वको नेकपा समूहको सुइँकोसम्म नपाउनुले झापा प्रहरीको कार्यसम्पादन माथि नै प्रश्न उठेको छ ।

प्रहरीको चौतर्फी आलोचना पछि बिप्लव समूहका भनिएका एक व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएर अहिले अनुसन्धान शुरु गरेको छ । प्रहरीले वम विष्फोट गराएको आरोपमा अर्जुनधाराका ५० वर्षीय प्रेम चापागाँईलाई नियन्त्रणमा लिएको छ ।

## फेक आइडी...

थापा, उज्ज्वल थापा र प्रवीण थापाको नाममा फेसबुक एकाउन्ट खोलेका थिए । ती आईडीमा उनले एनआरएनका विभिन्न गतिविधि पोस्ट गर्थे । डीएसपी थापाका अनुसार उनले अधिकांश स्टाट्स तथा फोटोहरु क्यानडा, विभिन्न युरोपियन तथा अमेरिकी मुलुकहरुमा भ्रमण गरेको भान पार्ने गरी पोष्ट गर्दै आएका थिए ।

**ठग्न सजिलो 'म्यासेन्जर'**

खड्का फेसबुकको म्यासेन्जरबाट विभिन्न जिल्लाका मानिसहरु (बिशेषगरी खाडी मुलुकमा रोजगारीको लागि गएका पुरुष व्यक्तिहरु) सँग सम्पर्क गर्थे र मित्रता जोड्थे । त्यसपछि उनी आफू बिगत १४ वर्षदेखि अध्ययनको लागि क्यानडा आएको र उतै बिहे गरी पीआर समेत प्राप्त गरेको भनेर ढाँट्थे । डीएसपी थापाका अनुसार क्यानडामा आफ्नै लगानीमा चारवटा वटा क्याफे सञ्चालन गरिराखेको र कैयौं नेपालीहरुलाई रोजगारी दिलाएको तथा गैरआवासीय नेपाली संघ र आफू क्यानडाको उच्च पदस्थ अधिकारी समेत भएको बताउने गरेका थिए । यस्तो परिचय दिएपछि सहजै अरुको विश्वास आफूमाथि हुने उनको बुझाइ थियो । विदेशमा भएका नेपालीमार्फत नेपालमा भएका युवासँग पनि उनी मित्रता अगाडि बढाउँथे ।

**निरोगी बाबुलाई रोगी बनाएर ढाँट्थे**

त्यसपछि उनी आफ्नो बाबु बिरामी परेकोले उपचारको लागि बाबुलाई क्यानडा नै लैजानको निम्ति नेपाल आएको र हाल भारतको शिलगढीमा बाबुको उपचार गराइरहेको नेपाली युवालाई बताउँथे । त्यहीबीचमा उनले बाबुलाई क्यानडा लैजाँदा 'स्पोन्सर्ड' भिसामा अरुलाई पनि क्यानडा लैजान सकिने बताउँदै आएका थिए । त्यसक्रममा उनले दूतावासमा चार लाख खर्च हुनेमा दुई लाख आफू नै सहयोग गरिदिने र सो रकमपछि क्यानडामै पुगेर काम गरी तिर्दा हुने भनी बिश्वास दिलाएको अनुसन्धानका क्रममा खुलेको डीएसपी थापाले बताए ।

**यसरी भागेका थिए खड्का**

रामबहादुर खड्काले पीडित व्यक्तिहरुलाई दिल्लीस्थित क्यानडा दूतावासमा अन्तरवार्ताका लागि भारत शिलगढीको बागडुग्रा एअरपोर्टबाट दिल्ली जानुपर्छ भन्दै सबैलाई तयार गरे ।

झापाको दमक, बिर्तामोड, धुलाबारी, काँकरभिट्टा र भारतको पानीट्यांकीसम्म बोलाएर दूतावासमा अन्तरवार्ताका लागि चिटिक्क हुनुपर्छ भनेर सिकाए । त्यही क्रममा सबैलाई कपाल काट्न लगाउँदै आफू चाहिँ पीडितहरुसँग भएको पैसा मागी भारु साटेर आउँछु भन्दै निस्किए । त्यसपछि उनले आफ्नो आईडीबाट सबैलाई ब्लक गर्दै मोबाइल अफ गरेर फरार भएका थिए ।

**झापामा मात्रै १ सय वढी उजुरी**

डीएसपी थापाका अनुसार खड्काले सन् २०१२ देखि हालसम्म आठ सयभन्दा बढी व्यक्तिहरुलाई ठगी गरेको हुनसक्ने अनुमान छ । खड्काविरुद्ध इलाका प्रहरी कार्यालय अनारमनी, दमक, धुलाबारी र काँकरभिट्टामा उजुरी दिनेहरुको संख्या एक सयभन्दा बढी छ ।

पक्राउ परेका खड्काले पीडित व्यक्तिहरुको डकुमेन्ट र फोटो दुरुपयोग गरी सिमकार्ड खरिद गरी चलाउने गरेको अनुसन्धानका क्रममा खुलेको छ । यहाँसम्म कि खड्काले पीडित व्यक्तिहरुलाई क्यानडामा रहेका आफ्ना बालबच्चाहरुको लागि गाउँको शुद्ध महसमेत ल्याइदिन लगाउने गरेको पाइएको छ ।

डाक्टर आउने बारेको सूचना
डा. लवराज लोहनी
वरिष्ठ बथरोग विशेषज्ञ
Rheumatologist (AIMS)
MD Intermale Medicine (NAMS)
NMC No. 11300
नेशनल बाथरोग सेन्टर रातोपुल काठमाडौंबाट
प्रत्येक महिनाको पहिलो शुक्रवार र शनिवार
यसपटक भाद्र ६ र ७ गते
सम्पर्क :
नेशनल बाथरोग सेन्टर
भद्रपुररोड, बिर्तामोड, झापा
फोन : ०२३-५४०५४५/५४१११७

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

कविता/गजल

## हजुरबुबालाई श्रद्धाञ्जलि

□ महेश बस्नेत

ताजै छ सँगै बिताएका पलहरु
ती वात्सल्य र आशिर्वचनका क्षणहरु
कहिले आइस के खाइस्
अब कसले सोध्ने ? बुबा !
म आएको यहाँ तँ छस् भनेर
अब कसले खोज्ने बुबा ?




हर बोलीमा प्यार झल्किन्थ्यो
त्यसको धेरै याद आउँछ बुबा !
सम्झी-सम्झी आँखाभरी
आँशुमात्र आउँछ बुबा ।
बुबा भने पनि हजुरबुबा भने
पनि एउटा तपाई !
हजुरबुबाको ओजस्वी मुहार
मनमष्तिस्कमा जहिले पनि ।
तस्वीर हजुरको यो हृदयमा
हौसला दिन्छ जीउने कला
फूलैफूलको अञ्जुलिभरी
श्रद्धाञ्जलि छ हजरबुबा !

अवश्यम्भावी छ मृत्यु, हुनु थियो
मुटुभरी व्यथा वोकी रुनु थियो
टलपल आँशुको थोपाले
कहिलेभित्र कहिले बाहिर गर्दै
त्यो ओजिलो मुहारलाई छुनु थियो !
अफशोस् ! फेरि पनि
ए बा ! सम्झनाहरु अनेक
तपाई भन्नुहुन्थ्यो जीवन क्षणभगुंर
दु:खका क्षणहरु चाँडै बिर्सनु
खुशीका पलहरु स्मृतिमा राख्नु !

ए बा ! जब आमा जानुभो
तपाईं साथ हुनुहुन्थ्यो
ए बा ! जब बुवा जानुभो
तपाईं साथ हुनुहुन्थ्यो छाया दिने ।
केही दिन मात्र अघि
तपाईंले भन्नुभएको थियो
अब मेरो पनि जाने बेला भो
आउँदै जाँदै गर है केटा हो !
सम्झना र माया जीवनको प्रतीक !
सबैमा सद्भावना र प्रेम
म यतै कतै हुन्छु नजिक !

# उत्तरआधुनिक नमस्कारहरू



कोमलप्रसाद पोखरेल

नमस्कार यो धेरै प्रचलित अनि हरबखत प्रयोग हुने शब्द हो । यसका पर्यायिका रूपमा नमस्ते, दर्शन, जयनेपाल, अभिवादन, लाल सलाम आदि शब्दहरु प्रयोग, प्रचलनमा रहेका छन् । उपर्युक्त शब्दहरुका आ-आफ्नै विशेषता छन् । प्रस्तुत लेखमा नमस्कार शब्दको मात्र शैक्षिक (शिक्षक-विद्यार्थी केन्द्रित ) र राजनीतिक अर्थहरु केलाउने जमर्को गरिएको छ। यसमा पनि दृष्टार्थभन्दा अदृष्टार्थलाई र अभिधार्थ भन्दा व्यङ्ग्यार्थलाई कोट्याउन खोजिएको छ। यो लेखकको नितान्त आत्मपरक हेराइ हो। नमस्कारका अर्थहरुलाई यसप्रकार लिन सकिन्छ-

**१. शैक्षिक अर्थ–** नमस्कार शब्द मात्र होइन वाक्य पनि हो । उद्देश्य र विधेय नभएको अथवा कर्ता, कर्म, क्रिया नभएको पदलाई कसरी वाक्य भनिन्छ ? भन्नुहोला, तर बनिन्छ, मजाले बनिन्छस किनभने उद्देश्य र विधेय यसका गर्भमै छन् । कसैले नमस्कार भन्ने बित्तिकै नमस्कार थाप्ने व्यक्तिले स्वतः कुरा बुझ्छ । किन कर्ता, कर्म, क्रिया नलगाई

*हास्यव्यंग्य*

नमस्कार गरिस् ? भनेर रिसाउँदैनन् ।

नमस्कारको सामान्य शाब्दिक अर्थ अभिवादन हो र यसभन्दा बढी अरु पनि होस तर स्थान, समय, परिस्थिति अनुसार यसका विविध अर्थ हुन सक्छन् । यसका कायिक, वाचिक र मानसिक अर्थहरु सामयिक र पारिस्थितिक हुन्छन् । नमस्कारको एउटा ढिकुटी विद्यालय हो । अर्थगत रूपमा प्रथमिक तह र निम्न माध्यमिक तहका विद्यार्थीहरुको नमस्कार अभिधात्मक हुन्छ भने माध्यमिक तहभन्दा माथि यसको अर्थ अभिधात्मक र व्यञ्जनात्मक दुबै हुन्छ, तर तुलनात्मक रूपमा व्यञ्जनात्मक अर्थ बोकेको नमस्कारको प्रयोग अत्यधिक मात्रामा भएको पाइन्छ। सबै विद्यार्थी चाहिँ होइन अधिकांश विद्यार्थीहरु र तिनका अभिभावकहरु परीक्षा शुरु हुनुभन्दा केही दिन अघिदेखि दिनमा जतिपल्ट भेट्यो त्यतिपल्ट लामो लेघ्रो तानेर न म स् का र्र 'सर ! भन्छन् । यो नमस्कार अलिक लद्दुलद्दु खालका विद्यार्थी र तिनका अभिभावकको हो । अब यहाँ नमस्कार को अर्थ अभिवादन नभएर विद्यार्थी पास गराइदिनु भन्ने लागेको छ । परीक्षा भएको केही दिनपछि नतिजा प्रकाशित हुन्छ, त्यसपछि पर्छ पढाउने शिक्षकलाई महाको फसाद । फेल हुने विद्यार्थी र तिनका अभिभावकहरुबाट पाएको नमस्कार शिक्षकले पचास प्रतिशत ब्याज लगाएर फिर्ता गर्नुपर्छ । अझ फेल हुने कुन्डले, मुन्द्रे, झ्याम्ले, खोयाबिर्के आदिले साइकल कुदाएकै बेला नमस्कार्रु भने भने त्यो झन् खतरा हो । यसको अर्थ खबरदार ! अब तँ मास्टरहरुलाई खतरा छ भन्ने हुन्छ भने यही वर्गका छात्राहरुले गरेको नमस्कारको अर्थ अर्कै हुन्छ। उनीहरुको नमस्कारबाट मरीजा ! तेरो किरीया परोस् ! मास्टर भनाउँदा भुणे मोरा ! भन्ने अर्थ ध्वनित हुन्छ ।

यति मात्र कहाँ हो र । पास हुने विद्यार्थी र अभिभावक पनि नमस्कार गर्नुपर्छ भनेर अर्कापटि फर्केर हिड्छन् । कथं जम्काभेट भइहाल्यो भने पनि नमस्कारु भन्छन् आरोही स्वरमा । आरोही स्वरमा नमस्कार गर्नुको अर्थ अँ हामी आफैं पास भएका होइनौ, यहाँ हजुरले चैं पास गराइदिएको होला ! भन्ने हुन्छ। सबै विद्यार्थीमा यही कुरा लागू हुन्छ भन्ने छैन । पास हुने होस् या फेल हुने कुनै-कुनै विद्यार्थी त सारै ज्ञानी हुन्छन् । यस किसिममका विद्यार्थीको नमस्कारमा कुनै किसिमको पूर्वाग्रही अर्थ ध्वनित भएको पाइँदैन ।

प्राथमिक र निम्नमाध्यमिक तहका विद्यार्थीहरुको नमस्कार निश्छल एवम् स्वच्छ हुन्छ भन्ने कुरा माथि नै उल्लेख भइसकेको छ तापनि मेरो एउटा सानो पूर्वानुभवले सो निश्छलताको पुष्टि गर्नेछ। आजभन्दा ३८/३९वर्ष अघिको कुरा हो, त्यसबेला अहिलेको कनकाई उच्च मावि, कनकाई निमावि थियो । प्र अ म स्वयम् थिएँ । सुरुङ्गा बजारमा २-४ घर मात्र थिए । वजार पश्चिम बाक्लो जङ्गल थियो । त्यसबेला सो जङ्गलले चर्पीको काम पनि गरेको थियो । कुनै एक बिहानको घटना हो सधैं झैं म दिसा बस्न जङ्गल गएँ र अगाडि पानीको लोहोटा राखेर के बसेको मात्र थिएँ, नमस्कारको मसिनो आबाज आयो कानमा । त्यस्तो जङ्गलभित्र कसले, कहाँ, कसलाई नमस्कार गरेको आवाज आउँदैछ ! म छक्क परैं । फोनको घण्टी बजे जस्तै गरी लगातार नमस्कारको आवाज आइरहेको थियो । आफनो दाहिनेतिर हेरैं कोही थिएन, अगाडि हेरें कोही थिएन, देब्रेतिर हेरें कोही थिएन। ए बाबा कसले यसरी नमस्कार गर्दैछ भनेर यसो पछाडि मुन्टो फर्काएर हेरेको त सात कक्षामा पढ्ने आफ्नै विद्यार्थी मिल्ट्रीको सतर्क अवस्थामा उभिएर दुबै हात जोडेर मेरो दयनीय अवस्थालाई अभिवादन गर्दै रहेछ । मेरो सातोपुत्लो उड्यो । डरले होइन, अर्थोकै केले हो केले । दिसाले आफनो दिशा बदल्यो, फर्क्यो आफ्नै जन्मघरतिर । मैले त्यस निर्दोष विद्यार्थीको नमस्कार नफर्काइकन कुलेलम ठोकें । त्यो मेरो विवशता थियो । तर, निकैबेरसम्म पनि त्यही ठाउँबाट नमस्कारको आबाज आइरहेको थियो तापनि नमस्कार फर्काउन नसकेकोमा पछुतो गर्नु बाहेक मेरो कुनै उपाय थिएन। त्यसको भोलिपल्ट म विद्यालय जान सकिन, बिदा लिएँ र सोही दिन जङ्गलमा खाडल खने, झिक्राले बारें र बेलुका ढुक्कले अघिल्लो दिनको बाँकी काम समेत खप्टिएर एकैचोटी पूरा गरें । वास्तविक विद्यार्थीको नमस्कार कतिसम्म शक्तिशाली हुँदो रहेछ भन्ने कुरा यसबाट अनुमान गर्न सकिन्छ ।



**२. राजनीतिक अर्थ–** नेताले जनतालाई गर्ने नमस्कार र जनताले नेतालाई गर्ने नमस्कारमा पनि अर्थतात्विक भिन्नता रहेको हुन्छ। विशेषगरी भोट माग्ने नेताहरु भोट हुनुअघि प्रत्येक भोटदाताका घरघरमा नमस्कार भन्दै हिंड्छन् दशै औंला जोडेर । दश औंला जोडेर नमस्कार गर्ने पनि आ-आफ्नै किसिमका कला हुन्छन् । मेरा एकजना अभिन्न मित्र नमस्कारका ठाउँमा नारायन नारायन भन्नुहुन्छ सधैं । हामी त्यसको अर्थ बुझेर नमस्कार भन्छौं । उहाँले नाइटालाई बीच पारेर दुई हात जोडे पनि त्यसको अर्थ नमस्कार नै हुन्छ। तर भोट माग्ने नेताले दश औंला जोडेर गरेको नमस्कार र मेरा मित्रले दश औंला जोडेर गरेको नमस्कारमा आकाश र पातालको फरक छ । निहुर्मुन्टी न भएर दुई हात निधारमाथि राखी नमस्कार ! भन्न थालेपछि नेता एकोहोरो हुँदा रहेछन् । यो दृश्य सारै हेर्न लायक हुन्छ। एकपटक एकजना निकै नाम चलेका नेताले भोट माग्ने क्रममा गौ मातासँग पिरती गाँस्तै गरेका शिववाहनलाई पनि एक नमस्कार ठोकेछन् । आफ्नो नाम मतदाता सूचीमा नभए पनि भोट माग्यो भनेर हो या अन्य कुनै कारणबाट हो शिववाहनले गौमातालाई यसो कोट्याएर आकाशतिर हेरी एक खित्का छोडे छन् । यस्तै छ नेताको नमस्कार गराइ । नेताले गरेको नमस्कारको वास्तविक अर्थ मतदातालाई त्यतिबेर थाहा नभए पनि माथि गएर मन्त्री भइसकेपछि थाहा हुन्छ । उनीहरु आफ्ना टाउकामा हात राखेर नेताले गरेको नमस्कारको यस किसिमको वर्णपरक भित्री अर्थ थाहा पाउँछन्-

न.नमस्कार
म.मलाई भोट दिएर माथि पठाउनु भयो भने
स. सत्ते, गाईको मुत खाने होला
का. काठमाडौंमा बसी लाखौको कार चढेर
र. राष्ट्रको ढिकुटी रित्याएर भए पनि तपईंहरुको चिल्लै सेवा गर्नेछु ।


उपर्युक्त अर्थका अतिरिक्त अरू पनि धेरै व्यञ्जनात्मक अर्थ हुन सक्छन् नेताजीका नमस्कारमा । भोट जितेर मन्त्री भएपछि हिउँदमा धुले पुल र बर्खामा हिले पुल बनाइदिने प्रतिज्ञालाई पनि नमस्कारकै अर्थमा लिन सकिन्छ ।

यी त भए भोट हुनुभन्दा अघि गरिएका नमस्कारका अर्थ । भोट जितेपछि र मन्त्री भएपछि नमस्कार गर्ने पालो आउँछ मतदाताको । बिचरा निरीह मतदाताले भित्री हृदयदेखि गरेको नमस्कार खोलाको गीत हुन्छ। मन्त्री क्वाटर र मन्त्रालयभित्र नमस्कार छिर्न पाउँदैन भने कारभित्र नमस्कार सुनिँदैन । नेता र मन्त्रीले जनताको नमस्कार फर्काइहाले भने पनि त्यस नम्मस्कारको अर्थ यस्तो हुन्छ-

न. नमस्कार गर्या होला
म. म, मेरो परिबार र मेरा चम्चे समेत
म. मर्सिडिज कार, मन्त्री क्वाटर र
स. सिंहदरबारभित्र बस्याबेला
का. कान पटक्कै सुन्दिन अनि
र. रतन्धो र दिनान्धो पनि भएको छु ।

नेताले गरेको नमस्कारमा वर्णाक्षरात्मक अर्थ मात्र नलागेर शब्द वाक्यात्मक अर्थ पनि लाग्न सक्छ विद्यार्थी र अभिभावकले गरेको नमस्कारमा जस्तै । कुनै-कुनै नेता वा मन्त्रीले मात्र अभर पर्दा नमस्कार फर्काउँछन् । तर, सो नमस्कारको उच्चारण उर्ध्व अनुत्तानमा गरिएको हुन्छ। यस किसिमबाट गरिएको नमस्कार् को ध्वन्यार्थ हुन्छ-हामीले भोट दिएर जिताएका थियौं, अब हाम्रो क्षेत्रलाई सहयोग गर्नुपर्‍यो भनेर सहयोग माग्न आएका हौ भने जुन बाटो आएका थियौ खुरुक्क त्यही बाटो लाग। नत्र मेरो बडी गार्डले मुन्ट्याएर चारभन्ज्याङ कटाइदिन्छ, थाहा छ ? अब त सहयोगको कुरा सिब ! आफूलाई त पुग्या छैन !!

कथा



पुण्य खरेल



# खुशीको दिन

'हत् ! यस्तो कोठामा पनि बस्ने हो ? भर्खर गाउँबाट आएकाले तिमीलाई त थाहा नै छैन । क्याहो त्यो गङ्गेलाई यादै नभएको ? यस्तो ठाउँमा गुजारा चल्छ ? वहाँ सर्नू ! मैले खोजिदिएको छु डेरा !'

अम्बिकाले पनि सोचिन् 'ठिकै होला । यहाँ साँगुरो छ । अलिक फराक ठाउँ पाए राम्रो हुने थियो ।'

तर, बोल्न भने सकिनन् । हाकिमको उपस्थितिमा उनी पुरै जेठाजुको सामु परे झैं हुन्थिन् । उनी हाकिमबाट पन्छिन खोज्थिन्, तर उनी जता लुके पनि हाकिम चाहिँ उनी भए छेउ नै आउँथ्यो र एकथोक न एकथोक अर्ती उपदेश गर्थ्यो । आफ्नो श्रीमान्को अनुपस्थितिमा पराया लोग्नेको उपस्थितिले उनको सास थुन्थ्यो । सास फेर्न घरि उनी बाहिर जान्थिन्, घरि भित्र ।

अर्को दिन पनि आएर भन्यो- 'लु ! मैले डेराको कुराकानी गरी दिएको छु। आजै सर्नु ! चर्पी पनि सजिलो छ, पानी पनि नजिकै छ। अफिस पनि नजिक पर्छ ! भरे नै सर्नु ! खोइ गङ्गे ? भरे गङ्गे आएपछि मकहाँ पठाउनु ! म त्यसलाई सरीहाल् भन्छु ।'

उनी एकै शब्द बोलिनन् । शुरु-शुरुमा उसले भलै चिताएको जस्तो लागे पनि अहिले दिक्क लाग्न थालेको थियो । चिया खान माग्ने निहुँमा घरि ऊ भान्सा कोठाभित्रै पस्थ्यो । उनले अप्ठ्यारो लागेर बाहिर निस्कँदा पछि-पछि बाहिरै निस्कन्थ्यो। यस्तो चालाले उनलाई हैरान पारेको थियो । अझै आज त उसले मुखैले भन्यो- 'मलाई त नारी जातिप्रति खुब श्रद्धा लाग्छ। आफ्नै जस्तो लाग्छ। दुःख गरेको देख्ता नमिठो लाग्छ, छिटो पर सर्नु ! मलाई केही मद्दत गर्न नजिक होओस् !'

उनका पेटमा छेपारो त पसेकै थियो, तर हाकिमले गङ्गेलाई विवश पारेछ । शुक्रबार बिहानै पिउनले भाडाकुँडा लुगाफाटो ओसार्‍यो । लोग्नेले सुटकेस झोलातोला झुण्ड्यायो । अम्बिकाले पनि छोरीलाई काखीमा च्यापिन् र छोरालाई डोर्‍याएर हाकिमले भनेकै डेरातिर लुरुलुरु गइन् । एक हप्ताभित्रमा हाकिम उनका कोठामा चौध चोटी आयो । सकभर गङ्गे नभएकै मौका पारेर आयो । अम्बिकाले त्यस हाकिमको करतुत थोरबहुत बुझिन्, त्यसैले आफ्नो थैलीको मुख बलियो गर्ने अर्कालाई चोर नलगाउने ठानिन्, तैपनि बेलुका आफ्नो श्रीमान्सँग मुख खोलिन्- 'तपाईंको पो हाकिम हो ! मेरो को हो र त्यो ? फेरि आएर त्यस्तै कुरा बोलेछ भने चैं म सहन्न है ! मैले भन्दिएकी छु !'

'हेर ! घरबाट आउँदा पनि अनेकन विवाद र झगडा पर्‍यो । भाइले पनि औंला ठड्यायो । बाबुआमाले पनि तिमीलाई लिएर हिंड्दा छोरै होइन जतिकै गरे... अलिक सोच्नु पर्छ ।'

'के सोच्नु ? म त सोझा बाबुआमाका कुरा सुनेकी, सोझो गरीबनी खाएकी मान्छे ! आफ्नो जीउ-ज्यानभन्दा प्यारो त केही हुँदैन... मैले त आफ्नो ज्यान तपाईंलाई सुम्पिएको ठानेकी छु, त्यति हो ।' 'हो कि त्यो त ! तर नाथे खर्दारको जागिर ! हाकिमसँग टेक गरेर कसरी सकिन्छ र ? कति कुरा सहनु पनि पर्छ । जागिर गैगयो भने कसरी फर्किनु फेरि भोलि नै त्यही घरतिर ? फेरि भोलि नै सरुवा गर्‍यो भने पनि कता हाँडा र चिण्डा बोकेर हिंड्नु ? कति शत्रु कति मित्र !'

'के नामर्द कुरा गर्‍या ? त्यही तपाईंको हाकिमका कुरा मान्नु, त्यसलाई सुम्सुम्याउनु भनेको तपाईंले ? तपाईंका जागिरका लागि मैले ...? कि के ? मलाई चाहिँ भोलि नै विदा दिनुहोस् ! म यो सहन्न । एक सहन्न, दुई... तीन सहन्न !'

'कस्तो निहुँ खोज्ने कुरा गरेकी नि फेरि ! तिम्रो इज्जतको ख्याल मलाई चाहिँ छैन भन्ने बुझ्यौ कि क्या हो ? म आफैं तिमीलाई त्यस्तो... तिमीले के शंका गरेकी ? दुई-दुईवटा छोराछोरी भए, अझै हाम्रो चिनजान हुन बाँकी नै छ र ! अलिकति त पुर्खाको रगत छ नि यी दुब्ला पाखुरामा । तर, सस्याना कुरामा जोगिएर आफू पनि जोगिऊँ र जागिर पनि जोगाउँ भन्नेसम्म कुरा गरेको नि !'

गङ्गे अफिस गयो । आज शुक्रबारको दिन । ३ बजे नै फर्किन्छ भनेर अम्बिकाले पर्खिन् । छोरालाई बोर्डिङ पठाएकी छन् । जागिरे सभ्यताले छोरालाई बोर्डिङ पठाउने भइन् उनी पनि । सानो नानी निदाएको छ। मनबाट हाकिमको भूत हटाउनै सक्तिनन् । उनले कति कोशिस गरिन् त्यो भूतलाई रछ्यानमा फ्याँक्ने, तर जति कोशिस गरे पनि त्यो भूतले आफ्नै छाया झैं पछ्याएको छ ।

१२ बज्न पाएकै थिएन । हाकिम त फेरि सिंढी उक्लँदैछ । लोग्नेको जागिर बचाउन उनले रिसको साँपलाई अलिकति दूध खुवाएर भुल्याइन्, अलिक मथ्थर पारिन् । हाकिम सरासर उनको कोठामा पस्यो । उनी जुरुक्क उठिन् र ठाउँ सरिन् । हाकिम आएर बिछ्यौनामै बस्यो । आँखा र चालढाल त उसको सारै राम्रो थिएन । उनले धेरै प्रयत्नले धैर्य थामिन् । हाकिमले भन्यो- 'किन रातोरातो मुख पारेको ? एक ग्लास चिया दिन पनि यस्तो महँगो ? पैसा छैन भने लु !' उसले एउटा हात्तीको नक्सा भएको नोट अम्बिकापट्टि लम्कायो ।

'राख्नोस् तपाईंको पैसा !' चियासम्म खुवाउन चाहिँ जागिर नभए पनि सक्छौं । अलिलि त हिङ बाँधेकै टालो हौं हामी पनि' भन्दै अम्बिका भान्साकोठातिर गइन् । हाकिम पनि भान्साकोठातिरै पस्यो । त्यतिबेला नै बाहिर कोही बोलेकोले बाहिर निस्कियो । फेरि एकै छिनमा भित्रै पस्यो । उसले अम्बिकालाई भन्यो- 'अम्बिका ! तिमीलाई केही आपत्ति भए मलाई भन्नु, तर म आउँदा मुख चाहिँ न बिगार्नु है ! मन पर्दैन भने म आउँदिन ! तर मलाई चाहिँ घरको सम्झना आइरहन्छ। श्रीमतीको, घरको नियास्रो मेटाउन आइरहन मनपर्छ । मेरी श्रीमती पनि तिमी जस्तै !... अनुहार रिसाएको जस्तो गरे पनि भित्रकी चाहिँ दयालु ।'

'... .... ....' दारा किटिन् अम्बिकाले ।

'अम्बिका ! म एउटा कुरा भन्छु ल ! भोलि बिहान म आउँछु । ८ देखि ९ बजेभित्र । तिमीसँग प्राइबेट कुरा छ। बरु म तिमीलाई राम्रो, सुहाउने सारी भए पनि किनी दिउँला ! हो कि ? गङ्गेलाई त्यतिबेला तरकारी किन्न हाट पठाउनु ल ! तिमीलाई पनि म मद्दत गर्छु, तिमीले मलाई पनि मद्दत गर ल !'

'... ....... ....' अम्बिकाले यो पनि खपिन् ।

हाकिम गयो । अम्बिका मानौं चण्डी बनिन् । गङ्गे आउना साथ झगडा हुने पर्‍यो । गङ्गेको सल्लाहले नै आएको हो कि त्यो ? भन्ने शङ्का पनि उनको मनमा उठ्यो । 'स्वास्नी हाकिम कहाँ पठाएर प्रमोशन गराउँछन् अरे केही कर्मचारीहरू' भन्ने कुरा पनि सुनेकी थिइन् । उनलाई उखर्माउलो भयो । हिजोका गङ्गेका निम्जा कुराले पनि उनलाई बढी इख्यायो । गङ्गे आउञ्जेल धैर्यसाथ पर्खिन पनि उनलाई कठिन भयो । ढिलो-ढिलो गरेर भए पनि प्रतिक्षित समय आयो । थकित अनुहार लाएर गङ्गे आयो । दन्त्यकथामा श्रृङ्गारको निहुँमा जङ्गिने शिशिर बसन्तकी सौतेनी आमा झैं अम्बिका पनि आगो भएकी थिइन् ।

'हाकिमलाई यता पठाएर के जाँच गर्न लाग्नुभएको थियो तपाईं ? तपाईंलाई मेरो दाममा बढुवा चाहिएको हो ?'

'तिमीले भन्न खोजेको चाहिँ के हो ? छिचोलेर भन न ! खानासाना बनाउन ओर्न मद्दत होला भनेको त के को निहुँ मात्र झिक्छ्यौ । आइपुग्न पाएकै छैन !'

'के नबुझेको जस्तो गर्‍या नि ? त्यो तपाईंहरूको साँढे छ नि साँढे ! त्यसलाई अन्तै पठाउनु नि ! अन्त ठाउँ पाइएन ?'

'हाम्रो हाकिम यता आउनुभएको थियो ? प्रष्ट भन न ! त्यो आज पनि यता आएको थियो भने म अहिले गएर त्यसलाई दुई टुक्रा पार्छु । त्यो स्साले ! कसकसका छोरीलाई जागिर खुवाउने भनेर... दुनियाँका छोरी बिगारेर कस्तो बिजेती... भन त ! आज आएको थियो त्यो यता ?' गएर सिरानीमा राखेको उसको सिरूपाते खुकुरी झिक्छ र दापबाट निकाल्छ ।

अम्बिका उसलाई समाउँछे- 'भैगो ! अहिले कतै जानु पर्दैन । यो तुजुक पनि देखाउनु पर्दैन । नारीमा ताकत छ भने देखाउनु ! त्यो भोलि यहीं आउँछ । भोलि बिहान आउँछु भनेको छ । आफ्ना मुनिका कर्मचारीका डेराडेरा धाउने । लोग्ने मान्छे नभएका बेलामा बिस्तरा, भान्सा कोठामा आफ्नै घर-जहान झैं पस्छ । सक्नु हुन्छ भने मलाई मद्दत गर्नु, नत्र भने भोलि बिहान म एक्लै त्यसलाई ठिक गर्छु...'

भोलिपल्ट नौ बज्न पाएकै थिएन- 'हाकिमको हात च्याट्टै छिनाएको छ अरे ! अम्बिका भन्ने उसकै कार्यालयको खर्दारकी स्वास्नीले खुकुरीले छिनाइ अरे त्यस राँगालाई ! ... बल्ल मर्दका फेला परेछ त्यो राँगो...' यो हल्ला स्यालको हुइँया भएर क्षणभरमै त्यो सानो शहरभरि फैलियो । मानौं, कुनै हल्लाको आँधी आएको हो । हाटको दिन परेकोले पनि हल्लालाई मल लाग्यो ।

कसैले डाक्नु बोलाउनु परेन । आइमाईहरूको छिचोली नसक्नुको भीड जम्मा भइहाल्यो चोकमा । 'अम्बिकालाई पुलिसले पक्रेको छ अरे !' भन्ने हल्लाले त आइमाईहरूको संयमलाई हाँकै दिए जतिकै भयो । त्यति ठूलो र फराक ठाउँ त होइन त्यो, तर पनि हाट जानेले हाट बिर्से, किनमेल छाडे, भान्सामा हुनेले डाडु, पन्यू थन्क्याए । मेलापात माया मारे । डढोस् तरकारी या उम्लियोस् दूध, चुलाहरू निर्जन भए । चोक आवाद भयो । हेर्दाहेर्दै महिलाहरूको जुलुस शुरु भयो । यस्तो लाग्थ्यो, मानौं अन्यायले र पापले गाग्रो भरिएको थियो । पापले बल्ल धुरीबाट साइरन बजाएको थाहा हुँदै थियो । अघिल्ला दिनसम्म त्यस हाकिमको मनपरीको विरुद्ध पोल्टामा आगो बोकेकाहरू आज त्यो आगो ओकल्न, आफूआफू त्यो आगो निकाल्न भरमग्दुर लागेका थिए । महिलाहरूको जुलुस प्रहरी कार्यालयतिर लाग्यो ।

प्रहरीका हाकिमलाई पुरुषहरूको दबाब छेक्न सजिलो हुन्थ्यो, महिलाहरूको छेक्न गारो भयो । हाकिम महँगो अपराधमा परे । 'म काठमाडौंको सिडिओ भएको भए ! त्यस आन्दोलनमा भुटिदिनेथें तीन-चार हजार साले आन्दोलनकारीलाई ! अनि आफैं आन्दोलन तैं चुप मै चुप !' भन्ने हाकिमले हात काटिमागेर पनि छुटकारा नपाउने छाँट देखियो । उसका गोलीहरू कुन कुना पसे ? गोलीहरूलाई पनि नैतिक बल चाहिन्छ कि झैं देखियो । ब्यान्डेज गरेका हातसँग हाकिमलाई कालो मोसो र जुत्ताको मालामा बजार परिक्रमा गराए महिलाहरूले । अर्कातिर अम्बिकालाई अविर र मालामा जयजयकार गरियो । धेरै पुरुषहरूले पनि सहयोग गरे, तर पनि जुन अभूतपूर्व कार्य भयो, त्यो नारी इज्जतको प्रमोसन थियो । दुई-एक अस्मिताको मूल्यमा भौतिक सुख किन्न पल्केका नैतिकताका हत्यारा महिलाहरू दुला पसे । 'मोसो उनीहरूलाई पनि घस्नु पर्छ !' भन्ने आवाज पनि ठूलै थियो, तर भागेर र दैलो ठोकेर उनीहरू यो पल्ट जोगिए ।

हाकिमलाई भीडबाट छुटाएर प्रहरीले सुरक्षा गर्‍यो । गङ्गा र अम्बिका डेरामा पुगे ।

अर्को दिन । हिजो र आजको दुई समयको बीचमा आएको आश्चर्यचकित भिन्नताले गङ्गा र अम्बिकालाई असन्तुलित बनाएको थियो । ती दुईमा भएको त्यो घटनाभन्दा अगाडिको शङ्कायुक्त, विवादयुक्त स्थिति पखालिएको थियो । अम्बिका प्रसन्न थिई । गङ्गा किंकर्तव्यविमूढ थियो । जागिरको सिंगौरोमा धुल्याहा लागेकै हो कि त भन्ने आशङ्कामा ऊ अँध्यारो थियो । भोलिप्रति शङ्का ग्रस्त देखिन्थ्यो ऊ । तर अम्बिका विपरित ध्रुवमा थिई, ढुक्क थिई ।

'किन अँध्यारो हुनुभएको तपाईं ? यत्रा मानिसहरूले स्याबासी दिए ! तपाईंलाई चाहिने कुरा त्यही स्याबासी होइन ?' अम्बिकाले कुरा उठाई ।

'स्याबासीले तिम्रो नाङ्गो आङ ढाक्छ र ? छोराको बोर्डिङ चल्ला र ? जागिर रहन्छ कि जान्छ ठेगान खोइ ?' व्यथा बोल्यो गङ्गा ।


'मेरो आङ त अब नाङ्गो हुँदैहुँदैन । लुगाले मात्र ढाक्छ र मान्छेको नाङ्गोपन ? त्यस किच्चकले मलाई मलमलका लुगामा पनि नाङ्गो पार्ने प्रयत्न गरेथ्यो, तर सकेन । कोहीकोही मान्छे मूल्यवान लुगा लगाए पनि नाङ्गै हुन्छन् । कोही बिना लुगाफाटो पनि जरझुट्ट हुन्छन् । सुर्ताउनु पर्दैन तपाईंले रत्तिभर पनि । म भएँ ! ... लु त हेरौं ! कसरी जान्छ तपाईंको जागिर ? त्यसमाथि भएन जागिरै नभए पनि हाम्रा पितापुर्खाले राम्ररी निर्वाह गरेकै हुन् नि !'

सावित्री जस्ती देखिइ अम्बिका । उसले अझै भनी- 'मलाई त आजसम्म यस्तो रमाइलो दिन आएकै थिएन । मलाई कसैले सबैभन्दा खुशीको दिनको बारेमा सोधेमा यही दिन सबैभन्दा खुशीको दिन भन्ने छु । लङ्गडो ठानेकी थिएँ मैले आइमाईलाई, तर मलाई थाहा भयो, हामी पनि सक्दा रहेछौं अन्यायको विरुद्धमा लडाइँ गर्न । इज्जतका निम्ति लडाईंमा उत्रिने मान्छेको भीड देखेर म त अत्यन्त खुशी भएकी छु ...'

# आतंक



नवीन भण्डारी



आज रमाइलो साँझ । सँधै झैं सेकुवा कर्नरको सेक्रेट प्राइभेट क्याविन । छ जना बैंकर अर्थात् ट्यांकर । सबका अगाडि झोलिलो सेकुवा साथमा केही बोतलहरु । केही रित्ता केही भरी । बिन्दास बसेको दुई घण्टा भइसको । शर्त थियो एक घण्टाको । न कोही उठ्नेवाला छ, न त कोही उठाउनेवाला ।

साँझले रातको रुप लिन शुरु गरेपछि प्रवेश बोल्यो- 'बुढीको फोन आउने बेला भो' एकाएक सबै आतङ्कित । रुपक बोल्यो- 'आज बुढी आतङ्कसँग कोहि डराउँदैन, सबले हाकाहाकी कुरा गर्ने । हाम्रो जिन्दगी, हाम्रो रहर चाहिँ काठको हो ?' सबै सहमत । पहिलो फोन मेरी मायालुको । सबैको साथ र थर्काउने आदेश । म नतमस्तक । फोन उठाएँ ।

'बाबा कता हुनुहुन्छ ?' मायालुको प्रश्न ।

'म साथीहरुसँग रमाइलो गर्दैछु, एकछिन ढिला हुन्छ है, खाना खाँदै गर्नु ।' सिधा उत्तर ।

'ला !, बरु यतै ल्याएर खानुभएको भए हुन्थ्यो नि । तपाईं नभए हामीलाई खानै रुच्दैन । बाबा आएपछि सुत्छु भन्दैछे नानी पनि ।' मायालुको हल्का इमोसनल ब्ल्याकमेल ।

'हस, छिट्टै आइहाल्छु ।' ह्याङ्आउट ।

मैले आत्मसमर्पण गरेको ठहरियो । त्यसबापत मेरो तर्फबाट एउटा भ्याट ६९ साथीहरुले दामाशाहीले उपभोग गर्ने निर्णय ।

दोस्रो फोन बज्यो प्रवेशको । प्रवेश हल्का लोभी । अरुले पिलाए ट्याङ्कर हान्ने, आफै तिरेर दशैंमा पनि क्वाटर हानेर बस्ने । प्रवेश कारवाहीमा पर्न चाहेन । फोन रिसिभ ।

'हेलो' यति कडा स्वर, कि ग्लासको झोल तर्सियो ।

उताबाट खै के आयो, प्रवेश कड्कियो, 'बुढाको इज्जत गर्न जान्दिनस् ? म जतिबेला आउँ मेरो मर्जी, मेरो घरमा आजदेखि तेरो हैकम चल्दैन, फोन राख् ।' कट् ।

प्रवेशको प्रशंसा । सम्मान स्वरुप एक पेग थपियो प्रवेशको ग्लासमा ।

नलागुञ्जेल सबै बैंकर, मनेजर, सभ्य, शान्त, सुशील, भद्र । लागेपछि डन् ।

फोन बज्यो रुपकको । दुई छोराछोरीको बाउ । भव्य पिउने । मित्रता पनि भव्य, रक्सीको नेटवर्क नै ठूलो । कल रिसिभ ।

'म साथीहरुसँग बिजी छु, राति १२ बजे अगाडि आउनेवाला छैन, एक शब्द पनि बोल्नु पर्दैन, तेरो सब डाइलग मैले पहिलेइ सुनिसकेको छु फोन राख् ।' कट् ।

रुपकको प्रशंसा, अर्को पेग थपियो ग्लासमा ।

म हल्का ट्रिपमा पुगिसकेको अवस्था । अरुको फोन आउने क्रम जारी । प्रशंसा जारी । थप्ने क्रम जारी ।

मेरो फोनमा रुपकको बुबाको फोन आयो । उसलाई नभनी सुटुक्कै उठाएँ । सबैका आँखा मतिर । मैले बहादुरी नदेखाए अर्को फूल आउने आशा ।

'हेलो 'नवीन सर, रुपक तपाईंसँगै होला । बाबाको बाटो हेर्दै नातिनी रोडमा पुगिछे । हात्तीले कुल्चेर भाग्यो । लौ न त्यसलाई यहाँ ल्याइदिनु पऱ्यो'

मेरो आँखाबाट आँशु खसेको देखेर अर्को फूल आउने आशमा भर्खरै हात्तीले कुल्चेकी बच्चीको बाउ खुशीले नाच्दै थियो ।

# एक्सनपूर्ण 'सोच'




भाद्र २० गतेबाट देशव्यापी प्रदर्शनमा आउन लागेको एक्सन-लभस्टोरी फिल्म 'सोच' को एक्सन प्रधान ट्रेलर सार्वजनिक भएको छ । ट्रेलरमा अभिनेता प्रज्वल गिरी र अभिनेत्री नीता ढुंगानाको प्रेममा आउने उचारचढाव देखाइएको छ । नव-नायक पुजन सिंहको एक्सनलाई ट्रेलरमा विशेष स्थान दिइएको छ ।

फिल्मलाई पुजन सिंह (प्रभाकर प्रकाश)ले निर्देशन गरेका हुन् । पुजनकै कथा रहेको फिल्मको निर्मातामा गंगा रजक र एसडी रहेका छन् । सोच फिल्मस् प्रोडक्शन एण्ड डिस्ट्रिब्युटर्सको ब्यानरमा निर्मित फिल्मलाई बिदुर पाण्डेले खिचेका हुन् । फिल्ममा कृष्ण आचार्यको पटकथा तथा संवाद छ ।

एनवी महर्जनको द्वन्द्व, रामजी लामीछाने र प्रभाकर प्रकाशको कोरियोग्राफी, डिजे एलएक्सको संगीत र प्रितम पाण्डेको सम्पादन रहेको फिल्ममा उत्तम केसी, विशाल पहाडी, सोनीका, किरण थापा, रितेश श्रेष्ठ लगायतका कलाकारको समेत अभिनय छ ।


कोरियन भाषा 한국어
हाम्रा बिशेषताहरु
बिहान ५ देखी साँझ ६ बजे सम्म कक्षा सञ्चालन
PBT, CBT, Student Visa का कक्षाहरु सञ्चालन ।
न्युन शुल्कमा डबल कक्षा तथा ग्रुपलाई विशेष छुट ।
AC युक्त Waiting Hall, Exam Hall भएको ।
Skill Test को तयारी कक्षा उच्च स्तरीय सामाग्रीबाट गराइने ।
Course Book तथा शिक्षण सामाग्री नि : शुल्क वितरण गरिने ।
स्तरीय कोरियन Listening Grammar को अध्यापन गराइने ।
प्रत्येक हप्ता टेष्ट, Audio, Video प्रोजेक्टरबाट कक्षा सञ्चालन हुने ।
5000 Model Question को अभ्यास तथा Guarantee कक्षा गराइने ।
टाढाबाट आउने तथा पुराना विद्यार्थीलाई विशेष छुटको व्यवस्था गरिने ।
जापनीज भाषाका N5 & N4 का कक्षाहरु पनि विशेष छुटमा गराइने ।
Rupjyoti Institute Pvt. Ltd.
Birtamod - 5, Jhapa Opposite to Kankai Hospital, Near Hotal Heaven
E-mail:- rklebtm@gmail.com
Facebook :-www.facebook.com/rupjyotikorean
प्रो. अर्जुन बोहोरा
Tel : 023-546692 | 9814999326 | 9806090399



पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ
(हल ए) नेपाली सिनेमा हजार जुनीसम्म
पहिलो शो ११:४५
दोस्रो शो २:४५
नाइट शो ७:१५
(हल बी) नेपाली तथा हिन्दी सिनेमाहरु
पहिलो शो ११:४५ BATLA HOUSE
दोस्रो शो २:४५ MISSION MANGAL
तेस्रो शो ७:१५ MISSION MANGAL
www.pathivaracineplaza.com
(नोटः हिन्दी मिसल मंगल र नेपाली हजार जुनीसम्मको बुकिङ्ग खुल्ला गरिएको छ) बुकिङ्ग गरेको टिकट आधाघण्टा पछि स्वत: क्यान्सिल हुनेछ । फोन नं. ०२३-५४६४३६



राजगढमा चलिरहेछन् यी चलचित्रहरु
नयाँ रिलिज चलचित्रहरु
पहिलो शो १२:०० बजे Appa न यता न उता (नेपाली)
दोस्रो शो ३:०० बजे खान्दानी सरिफ खाना (हिन्दी)
तेस्रो शो दिउँसो ७:४५ बजे खान्दानी सरिफ खाना (हिन्दी)
एभरेस्ट डिजिटल सिनेमा हल, राजगढ, झापा
टिकट अग्रिम बुकिङको लागि सम्पर्क नं. मो. ९८१७९५९७१०



कोरियन भाषा
बिहान ६ बजेदेखि बेलुका ६ बजेसम्म
कोरियन भाषाका लागि ग्लोबल पिस नै किन ?
GLOBAL PEACE
Int'l Education Academy Pvt.Ltd.
Shanischare Road, Birtamod, Jhapa
Tel : 023-546214 | 9801061988 | 9801061989



झापाको बिर्तामोडदेखि इलामको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।
दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समय:
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे १ ज ५६४, मे १ ज १७९९, मे १ ज ५४६, मे १ ज ६२५, मे १ ज ३०७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०३४४ वीरेन्द्र राई



नेपालीहरूको लागि भरपर्दो सेवा
मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर
भारतको पानीटंकीस्थित नेपालीहरूको एक मात्र मोटरसाइकल पार्ट्सका सामान होलसेलमा शुपथ मूल्यमा पाउनुका साथै ग्यारेन्टीका साथ सर्भिसिङ पनि गरिन्छ ।
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली बायाँ साइड
निशान्त – ८३७२०७८४५४/ ८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)



हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
– गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
– बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
– शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
– प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
– प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)



पायल्स रोगीलाई खुशीको खबर !!
नरदेवी काठमाडौंका पायल्स रोग विशेषज्ञ वरिष्ठ सर्जन डाक्टर रबिन भुषाल आउँदै हुनुहुन्छ । साथमा आयुर्वेद चिकित्सक डा.निलकण्ठ उपाध्याय र फिजियोथेरापिष्ट डा.भगवान शाह यहि मिति २०७६ साल श्रावण ३२ गते शनिबार र भदौ १ गते आइतबार बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा आउँदै हुनुहुन्छ । यदि तपाई दिशा गर्ने ठाउँमा मासु पलाएको, रगत बग्ने, पाइल्स, फिसर, फिस्टुला, हाडजोर्नी, नशा, प्यारालाइसिस, हाइड्रोसिल, बाथ, ग्यास्ट्रिक तथा दम सम्बन्धी समस्या साथै अन्य समस्याको नि:शुल्क बिरामी जाँच तथा परामर्श सेवा उपलब्ध हुँदैछ । मौकाको फाइदा उठाउनुहोस् ।
फोनबाट पनि नाम टिपाउन सकिने छ । नयाँ ठाउँबाट सेवा शुरु भएको उपलक्ष्यमा विविध उपचारमा छुटको ब्यवस्था समेत उपलब्ध छ ।
बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८



वर्गीकृत विज्ञापन

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क: ९८१४९९३७१२, ९८६२६४८२८२ ९८४२६७७८५५, ९८२४९८११७४

सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् । 'चट्ट फोट झट्ट सेवा'
सम्पर्क: ०२३-५५०६२० ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

कर्मचारी आवश्यकता
शिक्षक : १ जना (निमावि तहको सामाजिक विषय पढाउने)
शिक्षक : १ जना (मावि तहको अकाउन्ट विषय पढाउने)
कुक : ५ जना
वेटर १० जना
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३ मो.: ९८२५९८७९००

घर भाडामा
भद्रपुररोड (Ncell Center Building) को First Floor मा ३८०० स्क्वायर फिट फ्ल्याट र Ground Floor मा ७०० स्क्वायर फिट सटर क्षेत्रफल भएको घर भाडामा छ ।
सम्पर्क : मो. ९८५२६७७५०५

Private / Open SEE 2076
प्राईभेट SEE कक्षा-१० को आठ ओटै विषयका तयारी कक्षाहरुमा भर्ना खुल्यो ।
कक्षा-८ पास गरी अध्ययन छाडेका, कक्षा-९, १० वा SLC फेल भई बसेका विद्यार्थीहरुले यस वर्ष नै SEE पास गर्न सक्नेछन ।
पाइथागोरस एजुकेशन फाउण्डेशन
अतिथि सदन रोड, बिर्तामोड
फोन. 023-544975 , मो.नं. 9807927033

आकर्षक घडेरी बिक्रीमा
बिर्तामोड नगरपालिका-४ भद्रपुररोड पुरानो गोमेन्द्र कलेजदेखि तल्लो कालिका चोकबाट ३५0 मिटर पश्चिममा ४२ फिट मुख भएको उत्तर फर्किएको, उत्तर-दक्षिण दुबैतिर बाटो भएको १ कठ्ठा जग्गा विक्रीमा छ। इच्छुकले सम्पर्क गर्नुहोला ।
सम्पर्क: ९८४२७८९८१३/९८१४९११७७७

कर्मचारी आवश्यकता
रुमब्वाई : केही, कुक: केही, वेटर केही आवश्यक भएकोले इच्छुकले तु- सम्पर्क राख्नु होला ।
सम्पर्क: ०२३-५६३२७७, ९८५२६६३२७७
मेनपा-६, काँकरभिट्टा

होटल बिक्रीमा
बिर्तामोडको नयाँ बसपार्कस्थित चालू अवस्थामा रहेको होटल (खाजा घर) बिक्रीमा रहेकोले किन्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क: ९८१४९८४४३८, ९८२४०६१५६४

पसल बिक्रीमा
बिर्तामोड नगरपालिका वडा नं.- ४ भद्रपुररोडस्थित बिजुली अफिसको दक्षिणपट्टि मेनरोडमा अवस्थित पसल भएको अगाडिको सटर तथा त्यससँगै जोडिएको पछाडिको तीनवटा सटरसहित पसल विक्रीमा छ । इच्छुकले सिधा सम्पर्क गर्नुहोला ।
सम्पर्क नं. : ९८०६०००४७२



कन्काई हस्पिटल प्रा. लि. बिर्तामोड, झापा विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुचमा हाम्रो स्वास्थ्य सेवा
डा.सन्तोष कु. मिश्र
डा.रोशन अटल
डा.पुष्पेन्द्र लिम्बु
डा.डि.के. आचार्य
डा.सबिन मानन्धर
डा.मो.अक्तर अली
डा. गौरव राज ढकाल
MBBS, MS, ORTHO (KU)
ASSI SPINE FELLOWSHIP (PARK CLINIC, KOLKATA, INDIA)
NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA)
वरिष्ठ स्पाईन (मेरुदण्ड) विशेषज्ञ/सर्जन
राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौबाट
डा. विकास जैशी MBBS, MD, DM Hepatology (NAMS)
डा. मुक्ति आचार्य
MBBS, MD (TU)
वरिष्ठ मानसिक, नशा तथा मनोरोग विशेषज्ञ
डा.रोसन आचार्य
वरिष्ठ नाक,कान,घाटी रोग विशेषज्ञ
प्रत्येक बिहिवार
डा.सि.वि झा
नेपाल सरकार स्वास्थ्य विमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं।
२४सै घण्टा उपलब्ध सेवाहरु
- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसि सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रसुति शल्यचिकित्सा
- हाडजोर्नी तथा नसा शल्यचिकित्सा
जानकारी तथा नाम दर्ताको लागि




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** अवसर प्राप्त हुनुका साथै भाग्यले साथ दिनेछ । प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन् । अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** सेवामूलक कामबाट फाइदाको स्रोत पहिल्याउन सकिनेछ । प्रतिक्षा गरिएको नतिजा सबल रहनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । व्यापार तथा कृषि क्षेत्रबाट लाभ मिल्नेछ । सम्मान मिल्ने योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** निर्णय लिएर पनि परिस्थिति अनुसार चल्न नसक्ता पछि परिनेछ । पुरानो सम्झौता तोड्नुपर्ने आवश्यकता पर्न सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** दिगो योजनाका साथ अघि बढ्दा बिस्तारै लाभ मिल्नेछ । अरूको व्यवहारले शंका उब्जाए पनि शुभचिन्तकहरूको साथ प्राप्त हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** महत्वाकांक्षी योजना कार्यान्वयनमा आफ्नैले बाधा पुऱ्याउन सक्छन् । बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** नयाँ काम प्रारम्भ गर्ने समय छ । चिताएको काममा सोचे जस्तै सफलता मिल्नेछ । दाजुभाइमा आत्मीयता बढ्नेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** प्रेम र मित्रताको बन्धनसमेत कसिनेछ । लगानी गर्दा व्यवसायमा मनग्गे धनलाभ हुनेछ । मन प्रशन्न रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आलस्य त्यागेर मेहनत गर्दा फाइदा उठाउन सकिनेछ । पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मेहनतले सम्मानित स्थान दिलाउनेछ । मान-सम्मान प्राप्त हुनेछ । सम्पादित कामबाट धन लाभ हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । अध्ययनमा प्रगति हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर प्राप्त हुनेछ । चिताएको काम सम्पादन हुनेछ ।

# गाँजासहित तीन जना पक्राउ



**झापा, साउन ३१।** प्रहरीले शिवसताक्षी नगरपालिकाबाट ठूलो परिमाणको गाँजा र त्यसको कारोबारीलाई पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय झिलझिले र लागूऔषधविरुद्धको अभियानका अभियन्ताले वडा नम्बर ११ दूधेबाट १२ किलो ग्राम परिमाणको गाँजा बरामद गरेको हो। जिल्ला प्रहरी कार्यालय झापाका अनुसार स्थानीय दिलबहादुर मगरको घरबाट आठ किलो, नरबहादुर मगरको घरबाट तीन किलो र ताराबहादुर कुँवरको घरबाट एक किलो ग्राम गाँजा बरामद भएको हो। इलाका प्रहरी कार्यलय झिलझिलेका प्रहरी निरीक्षक कोमल ठाकुरको नेतृत्वमा गएको प्रहरीको टोली र लागूऔषधविरुद्धको अभियानका युवाले गाँजाको कारोवारी दिलबहादुर मगरसहित दुई महिलालाई पक्राउ गरेको हो। पक्राउ परेका तीनै जनालाई अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय झिलझिलेमा राखिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

दुई साताअघि मात्र झापाको काँकरभिट्टावाट सरुवा भई आएका प्रहरी निरीक्षक ठाकुरको टोलीले शिवसताक्षी नगरपालिकाबाट मात्रै सात जना लागूऔषध प्रयोगकर्तालाई पक्राउ गरेको छ। काँकरभिट्टामा रहँदा प्रहरी निरीक्षक ठाकुर लागूऔषध शाखाका इञ्चार्जको रुपमा कार्यरत् थिए। इलाका प्रहरी कार्यालय झिलझिलेमा सरुवा भएर आएदेखि नै ठाकुरले लागूऔषधविरुद्धको अभियानमा स्थानीय युवासँगको सहकार्यमा अभियानलाई तीव्रता दिएका छन्। उनी लागूऔषधका बारेमा जानकार भएको जिल्ला प्रहरी कार्यालय झापाको उच्च प्रहरी स्रोतले जनाएको छ।

तीन दिनको अवधीमा पक्राउ परेका लागूऔषधका प्रयोगकर्ता र त्यसका कारोबारीमध्ये केहीलाई सुधार केन्द्र पठाएको र केहीलाई कानूनी कारवाहीका लागि अनुसन्धानकै क्रममा राखिएको इलाका प्रहरी कार्यालय झिलझिलेले जानकारी दिएको छ। गाँजासहित पक्राउ परेका मगरले आफूले १० वर्षदेखि गाँजाको व्यापार गर्दै आएको बताए। उनले पाँचथरको रवीबाट गाँजा खरिद गरेर झापामा अवैध व्यापार गर्दै आएको प्रहरी समक्ष स्वीकार गरेका छन्। मगरको घरमा शिवसताक्षीसहित दमक, कनकाई, कमल, बिर्तामोड लगायतका स्थानबाट युवा गाँजा सेवनको लागि आउने गरेको प्रहरीले बताएको छ।

मगरका अनुसार आफैले बनाएको प्याकेटको एक सय रुपैयाँका दरले दिनहुँ सरदर १५ देखि २० जनालाई प्रतिवन्धित गाँजा बिक्री गर्ने गरेको थिए। २० देखि ६० वर्ष उमेर समूहका मानिस घरमा गाँजा सेवन गर्न आउने गरेको उनले बताए। प्रहरी निरीक्षक ठाकुर झिलझिले आएदेखि नै प्रहरीले मगर लगायतको घरमा उच्च निगरानी बढाएको थियो। मगरका घरमा केही मोटरसाइकल र नयाँ मानिस देखेपछि ठाकुरको नेतृत्वमा गएको प्रहरीको टोलीले मगरको घरमा छापा मारेको थियो। प्रहरीले डोको, बोरा, पोलेथीनको झोलामा राखेको गाँजा बरामद गरेको प्रहरी निरीक्षक ठाकुरले बताए।

यसैबीच सताक्षीधामको दर्शन गरेर फर्कदै गरेका तीर्थयात्री लुट्ने एक जनालाई प्रहरीले पक्राउ गरेको छ। इलाम चुलाचुली-१ बस्ने सन्देश लिम्बूलाई झिलझिले प्रहरीले पक्राउ गरको हो। एक साताअघि सताक्षीधामको दर्शन गरेर मोटरसाइकलमा आउँदै गर्दा तीर्थयात्रीको नगद र सुनको सिक्रि लिम्बूसहितका अर्का एक युवकले लुटेका थिए। लुटेरा मध्येका एक अझै फरार रहेको प्रहरीले जनाएको छ।

## आदिवासी जनजातिका नेता भन्छन्

# सम्मान, सहभागिता, शान्तिपूर्ण र सहमतिमा नाम तोक



**बिर्तामोड, साउन ३१।** झापाका आदिवासी जनजातिका नेताहरुले प्रदेश नं. १ को नामाकरण गर्दा सबैको भावनाको सम्मान, सहभागिता र शान्तिपूर्ण ढंगले सहमतिमा गर्नुपर्नेमा जोड दिएका छन्।

शुक्रबार झापाको सुरुङ्गामा भएको छलफलका सहभागी आदिवासी जनजाति महासंघ तथा विभिन्न जातीय संस्थाका प्रतिनिधिहरुले त्यस्तो बताएका हुन्। उनीहरुले सबै पक्षको सहभागितामूलक ढंगले सामाजिक सद्भाव कायम राख्दै संवाद र सहमतिबाटै प्रदेशको नामकरण टुंगो लगाउनुपर्ने निष्कर्ष निकालेका छन्।

**नामका विकल्पहरु : किरात, लिम्बुवान, लिम्बुवान-किरात, किरात-लिम्बुवान, कोचिला-किरात-लिम्बुवान (कोकिलि), विराट, किरात-मोरङ**

प्रदेश नं. १ को ऐतिहासिकता, भूगोल, भाषा, धर्म, पहिचान तथा आइएलओ १६९ ले दिएका अधिकारलाई मनन गरी सबैको सम्मान, पहिचान र अपनत्व हुने नाममा सहमति जुटाउन उनीहरुले प्रदेश सरकारलाई सुझाव दिएका छन्। प्रदेशको नामकरण गर्दा संवैधानिक व्यवस्था बमोजिम विभिन्न जाति र समुदाय विशेषको संरक्षित विशेष र स्वायत्त क्षेत्र प्रदान गर्ने गरी नामकरण गर्न पनि उनीहरुले सुझाएका छन्।

छलफलका क्रममा सहभागीले प्रदेश नं. १ को नाम किरात, लिम्बुवान, लिम्बुवान-किरात, किरात-लिम्बुवान, कोचिला-किरात-लिम्बुवान (कोकिलि), विराट, किरात-मोरङ जस्ता विकल्प समेत प्रस्तुत गरेका थिए। छलफलमा जे विकल्प प्रस्तुत गरे पनि सहभागितामूलक संवाद तथा शान्तिपूर्ण मार्गबाट अधिकतम् सहमतिमा निकास निकाल्नुपर्नेमा उनीहरुको विशेष जोड थियो।

झापाका सबै आदिवासी जनजातिबीच बहस अघि बढाएर प्रदेशको नामकरणबारे अझ ठोस र साझा धारणा बनाउने समेत महासंघका अध्यक्ष भरतकुमार श्रेष्ठसहितको टीमले प्रतिबद्धता जनाएको छ। छलफलमा महासंघका अध्यक्ष श्रेष्ठ, उपाध्यक्ष पाण्डवलाल चौधरी, मेघराज थामी, सचिव वीरेन मेचेले प्रदेश, सहसचिव रोहित खवास, महेन्द्र राना मगरको नामकरण गर्दा एकले अर्काको पहिचान र अस्तित्वको सम्मान गर्नुपर्नेमा समेत जोड दिए।

त्यस्तै आदिवासी जनजाति महिला महासंघकी उपाध्यक्ष अग्निमाया मेचे, नेपाल तामाङ, घेदुङका अध्यक्ष काजीमान घिसिङ, प्रदेश सदस्य पदमबहादुर तामाङ, नेवाः देय दबूका उपाध्यक्ष रत्नकुमार श्रेष्ठ, किरात याक्थुम चुम्लुङका अध्यक्ष भक्त खेवाङ, राजवंशी समाज विकास समितिका अध्यक्ष पुकारचन्द्र राजवंशी, तमू ह्यूल छोंज धिका सचिव उदय गुरुङ, नेपाल मगर संघका अध्यक्ष जगतबहादुर मगर, सुनुवार सेवा समाजका अध्यक्ष अवीरबहादुर सुनुवार, थारु कल्याण कारिणी समितिका अध्यक्ष पुष्पलाल चौधरी, महासंघका खड्गबहादुर कुमाल, शंकर मेचे, दनुवार जागरण समितिका अध्यक्ष लक्ष्मीप्रसाद दनुवार लगायतले समेत संवाद र सहमतिकै बाटोबाट प्रदेशको नामकरण गर्न सुझाव दिए। छलफलको संयोजन संवाद समूह झापाले गरेको थियो।

# 'स्थानीय जडिबुटीका कच्चापदार्थ प्रयोग गर'

**अर्जुनधारा, साउन ३१।** जडीबुटीका लागि कच्चापदार्थ बाहिरबाट आयात गर्नुभन्दा स्थानीय स्तरमा उत्पादन भएका जडिबुटीका कच्चा पदार्थहरुको अत्याधिक प्रयोग गर्नुपर्नेमा एक कार्यक्रमका सहभागीहरुले जोड दिएका छन्।

झापाको अर्जुनधारा-८ स्थित त्रिगाँउ जडिबुटी उत्पादन तथा प्रशोधन सहकारी संस्थाद्वारा आयोजित नवनिर्मित भवन तथा प्रशोधन मेसिन उद्घाटन कार्यक्रमका सहभागीहरुले यस्तो बताएका हुन्।

संघीय सरकारको सशर्त अनुदान शिर्षकको जडिबुटी विकास कार्यक्रम अन्तर्गत डिभिजन वन कार्यालय झापामार्फत् निर्माण भएको भवन र प्राप्त मेसिनको प्रमुख अतिथि नगर उपप्रमुख कमला खतिवडा आचार्य र डिभिजन वन कार्यालय झापाका प्रमुख विष्णुलाल घिमिरेले संयुक्तरुपमा उद्घाटन गरेका थिए।

सोही नगरपालिका-९ जागृती टोलमा संस्थाले लीजमा लिएको दुई कठ्ठा जग्गामा नवनिर्मित भवन तथा प्राप्त मेसिनको जम्मा लागत १८ लाख १२ हजार तीन सय २० रुपैयाँ ८० पैसा उल्लेख गरिएको छ। प्राप्त मेसिनहरुमा तीन वटा ग्रेडीङ र एउटा प्याकेजीङ मेसीन रहेको छ।

गत असार ८ गते सम्झौता भई २० गते सम्पन्न भएको उक्त कार्यक्रमको लागि अनुदानमार्फत् १५ लाख रुपैयाँ र संस्थाबाट तीन लाख १२ हजार तीन सय २० रुपैयाँ ८० पैसा विनियोजन भएको थियो। संस्थाका अध्यक्ष हरिप्रसाद दाहालको अध्यक्षतामा भएको कार्यक्रममा डिभिजन वन कार्यालय झापाका प्रमुख घिमिरे, जडिबुटी संघ झापाका अध्यक्ष यादव पौड्याल र सहकारी संघ झापाका सदस्य टंक बराल लगायतले मन्तव्य व्यक्त गरेका थिए।

संस्थाका पूर्व उपाध्यक्ष ताराप्रसाद उपाध्यायले संस्थाको गतिविधिसहित कार्यक्रमको औचित्य तथा उपाध्यक्ष धनकुमारी तामाङले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव इन्द्रप्रसाद खतिवडाले गरेका थिए।

# पाथीभरा मन्दिर क्षेत्रका ४९ पसललाई ३०० 'लेवी'

**गणेश अर्याल**

**इलाम, साउन ३१।** इलामको रोङ गाउँपालिकामा रहेको धार्मिक एवम् पर्यटकीय स्थल पाथीभरा मन्दिर आसपासका व्यापारीहरुको सस्था पाथीभरा व्यापारी समूहको साधारणसभा सम्पन्न भएको छ।

पाथीभरा मन्दिर परिसरमा सम्पन्न साधारण सभाले दुई लाख ९५ हजार चार सय २३ रुपैयाँको आयव्यय विवरण पारित गर्नुका साथै चालू बर्षको कार्यक्रम पारित गरेको छ। संस्थाका अध्यक्ष राम खवासको अध्यक्षतामा कार्यक्रम भएको थियो।

कार्यक्रममा पाथीभरा क्षेत्र बिकास समितिका सदस्य गोमा भुजेल, बिना भुजेल, डम्बरकुमारी भुजेल व्यापारी समूहका उपाध्यक्ष दिनेश निरौला लगायतले शुभकामना मन्तव्य राखेका थिए। उनीहरुले गाउँपालिका तथा वडाका प्रतिनिधिहरुलाई निमन्त्रणा गर्दा पनि उपस्थिति नभएको भन्दै चिन्ता प्रकट गरेका थिए।

साधारण सभाले प्रत्येक ब्यापारीबाट मासिक रु. दुई सय लेबी उठाउँदै आएकोमा अब तीन सय रुपैयाँ उठाउने, उपहारजन्य सामग्री उत्पादन र बिक्रीमा जोड दिने, पसल अगाडि डष्टविन राख्ने तथा फूलबारी बनाउने जस्ता महत्वपूर्ण निर्णय पनि गरेको छ। पाथीभरा मन्दिर अगाडिको खुल्ला स्थानमा सामान्य टहरामा दिनभरी पसल राख्ने र बेलुका पसलका सामग्रीहरु डोकोमा उठाएर नजिकैको पाथीभरा धर्मसालामा राख्ने गरेको अध्यक्ष राम खवासले बताए। यसरी सामान ओसार-पसार गर्दा टुट्ने-फुट्ने तथा घषर्णको कारण गुणस्तर ह्रास हुने गरेकोले



कम दाममा बिक्री गर्नुपर्ने र उपभोक्ताले पनि गुणस्तरीय सामान उपभोग गर्न नपाउने उपाध्यक्ष दिनेश निरौला बताउँछन्।

गाउँपालिकाले पाथीभरा क्षेत्रलाई व्यवस्थित गर्न सुरक्षित रुपमा टहरा बनाइदिनुपर्ने व्यापारीहरुले माग राखेका छन्। यसअघि कोषाध्यक्ष शुष्मा राईले आर्थिक प्रतिवेदन, सचिव मिलन भुजेलले भावी कार्यक्रम, उपाध्यक्ष दिनेश निरौलाले एजेण्डा प्रस्तुतीकरण र अध्यक्ष राम खवासले समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए। पाथीभरा मन्दिर क्षेत्र आसपासमा ४९ वटा पसल रहेका छन्। पाथीभरा व्यापारी समूहमा सबै पसल आबद्ध भएका छन्।

व्यापारी समूह सामाजिक क्षेत्रमा पनि सक्रिय भएको साधारण सभामा जानकारी दिइयो। बिभिन्न क्षेत्रमा लागेका सामाजिक पुराणमा निमन्त्रणा आएमा आर्थिक सहयोग गर्ने, मरिमराउ जस्ता दुःखद् घटना भएमा समवेदनापत्रसहित सहानुभूति प्रकट गर्ने जस्ता काममा पनि सहभागी हुने गरेको सचिव मिलन भुजेलले बताए। सामुहिक रुपमा देशका बिभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्रको भ्रमण गरेर अनुभव आदान-प्रदान समेत गरी सिकेका कुरा व्यवहारमा उतार्ने गरेको सचिव भुजेलले बताए।

यसैबीच रोङ गाउँपालिका आर्थिक विकास समितिका संयोजक एवम् वडा नम्बर ३ का वडाध्यक्ष मातृका बरालले पाथीभरा क्षेत्रका व्यापारीहरु दर्ता प्रक्रियामा आउनुपर्ने बताए। पूर्वाञ्चलसँग कुरा गर्दै वडाध्यक्ष बरालले राज्यको नजरमा व्यापारी भएर देखापर्नको लागि कही न कही दर्ता भएर जानुपर्ने हुन्छ।

पाथीभरा क्षेत्रमा रहेका सबै पसलहरु वडा कार्यालय मार्फत दर्ता भएर गएमा गाउँपालिकाले कार्यक्रम लागू गर्न सजिले हुने उनको भनाइ छ। गाउँपालिकाले पाथीभरा क्षेत्र बिकास कोषको स्वीकृत गुरुयोजना अनुसार बिकास निर्माणको काम अगाडि बढाउने पनि वडाध्यक्ष बरालले बताए। गाउँपालिकाले यस बर्ष पाथीभरा गुरुयोजना कार्यान्वयनको लागि १० लाख रुपैयाँ विनियोजन गरेको छ।

# पाँच हजार जनालाई रक्षाबन्धन

**बिर्तामोड, साउन ३१।** झापाको बिर्तामोड-४ स्थित ब्रह्माकुमारी राजयोग सेवाकेन्द्रले झापाका पाँच हजारभन्दा बढीलाई रक्षाबन्धन बाँधेको छ।

ब्रह्माकुमारी राजयोग सेवाकेन्द्रका ब्रह्माकुमारी दिदीहरुले इलाका प्रहरी कार्यालय बिर्तामोड, जिल्ला ट्राफिक प्रहरी कार्यालय बिर्तामोड, झापामा रहेका वृद्धाश्रम, अनाथ आश्रम, अपाङ्ग तथा असक्त आश्रम, र विभिन्न पाँच वटा सुधार केन्द्रमा गएर आध्यात्मिक सन्देश दिनुका साथै रक्षाबन्धन (राखी) बाँधिदिएका थिए।

मानव कल्याणको सेवामा समर्पित अन्तर्राष्ट्रिय संस्था प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालयसँग आबद्ध रहेर ब्रह्माकुमारी राजयोग सेवाकेन्द्र नेपालले देशभरका दुई हजारभन्दा बढी सेवाकेन्द्रहरु मार्फत निःशुल्क सेवा दिइरहेको बताइएको छ।

ब्रह्माकुमारी राजयोग सेवाकेन्द्र बिर्तामोडमा झापाका विभिन्न महानुभावले ब्रह्माकुमारी राजयोग सेवाकेन्द्रकी सञ्चालिका पूर्णिमा दिदीबाट रक्षाबन्धन बाँधेर शिवपरमात्माको प्रसाद ग्रहण गरेका थिए।

करुणा सागर, परमपिता भोलेनाथले गरेको उद्धारपूर्ण कर्तव्यको स्मृतिमा नै वर्षको एकपटक जनैपूर्णिमाको दिन ब्राह्मणहरुले यजमानलाई र दिदीबहिनीहरुले दाजुभाइहरुको रक्षाको मंगलकामना गर्दै रक्षाबन्धन राखी बाँध्ने परम्परा यस हिमवत खण्डमा प्राचीनकालदेखि नै चल्दै आएको ब्रह्माकुमारी राजयोग सेवाकेन्द्र बिर्तामोडकी सञ्चालिका पूर्णिमा दिदीले बताइन्।

भय चिन्ताले ग्रस्त, जीउ धन र धर्मको नै असुरक्षा भएको वर्तमान अवस्थामा परमात्मा शिवबाबाबाट सुरक्षाकवचका रुपमा प्रदान गरिने रक्षा बन्धन अर्थात् राखी महिला पुरुष दुवैका लागि ईश्वरीय वरदान नै मान्न सकिने उनले बताइन्।


## ज्योतिष परामर्श

विगत १० बर्षदेखि ज्योतिष क्षेत्रमा लाग्नुभएका, देशदेखि बिदेशीहरुको चिना हेरी विशेष अनुभव प्राप्त गुरुहरु ज्योतिषी कृष्ण भण्डारी र खगेन्द्र सापकोटा अब तपाईको शहर बिर्तामोड, दमक र इटहरीमा आउँदै हुनुहुन्छ।

**यही भाद्र ३,४ र ५ गते।**

**आज नै बुक गर्नको लागि सम्पर्क गर्नुहोस्।**

9801235000, 9841193108, 9813524729, 9814977595



## राहदानी हरायो

गरामनीबाट बिर्तामोड जाने क्रममा यही मिति २०७६।०३।१५ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ।

**नाम**:- अजित राई

**ठेगाना**:-बिर्तामोड-१०, झापा

सविकः गरामनी-९, झापा

**राहदानी नं.**:- १११२०५१७



# कुवेतमा वैदेशिक रोजगारको अवसर

**१. कम्पनी**: THE SULTAN CENTER FOR TRADING AND GENERAL CONTRACTING WLL

पूर्व स्वीकृत मिति: २०७६/०४/१९ | चलानी नं: ६०१४२५४३ | LT. No.: 223013

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Labor | 98 | 55 | [illegible] | 90 | ३३,६८० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Pricing Labour | 71 | 20 | | 90 | ३३,६८० | | | | | | | |

यसै कम्पनीको लागी Male/ Female Cashier, Sales Girl Sales Boy ,Cook र Bike Rider हरुको Salary 110 KD मा माग भई आएकाले जान चाहन इच्छुकले सम्पर्क गर्नुहोला।उमेरको हकमा २१ देखि ३६ सम्म हुनु पर्नेछ।

**२. कम्पनी**: CHATEAU CATERING & BANQUETS COMPANY W.L.L.

पूर्व स्वीकृत मिति: २०७६/०३/३१ | चलानी नं: ६०१४१८८४ | LT. No.: 222098

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Labor | 10 | 10 | [illegible] | 85 | ३१,७७१ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | chef assistant | 25 | 0 | | 110 | ४१,११५ | | | | | | | |

फाईनल अन्तरबार्ता भदौ ०३ गते (Aug 20) मंगलबार मोक्ष होटल बिर्तामोडमा हुदैछ।

साथै यसै कम्पनीबाट निम्न कामदारहरुको Salary 110 Kd मा माग भई आएकाले जान चाहन इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला।

Head Cook, Hot Kicthen Indian Culsine Comm : I,II,III Bakery Cold Kitchen, Kitchen Stewards, Storekeeper, Waiterss Asst Cook, Hot Plate, Bainmarie Service, Delivery Boy, Food Packer

**Swift H.R. Group & Management Service Pvt. Ltd.**
Samakhusi-26,
Mob: 9803672294, 9803572294, 9803472294, 9817920206, 9813672294, 9852672294



# UNIQUE MULTIPLE CAMPUS


Kanakai-3, Surunga, Jhapa
**(Paragan Academy Building)**

Announces Admission Open for academic Session 2076/077

**BBS I Year**

Both Nepali & English medium

Our Features
- Transportation
- Coaching
- Entrepreneurial Training
- Excursion
- Banking Training
- Banking Internship
- Scholarship for needy




Contact: 023-550948, 9852670801, 9817089275

**Entrance Exam**
Date: 2076 Shrawan 32 Saturday
Time : 11:00am



सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

# झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

बिर्तामोड, झापा

सम्पर्क **राजकुमार श्रेष्ठ**

९८४२६३४६२७/९८०६०१०४१०/ ०२३-५४४३५४ अफिस सम्पर्क: ०२३-५४६००५

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

मोबाइल : ९८५२६४६००५

# कोदोका फाइदै फाइदा



कोदोलाई धेरैजसो मानिसले राम्रो अन्न मान्दैनन् । तिनीहरू यसको गुणमा होइन कि रंगमा गएकाले त्यस्तो भएको बुझ्न गाह्रो छैन । तर, कोदो तपाई हामीले सोचे जस्तो कम गुणकारी खाद्यान्न भने हुँदै होइन ।

यसमा चामल र मकैभन्दा ३५ गुणा अनि गहुँभन्दा ८.७३ गुणा बढी क्याल्सियम पाइन्छ । यसमा मकैभन्दा ३.७ गुणा, चामलभन्दा २.३ गुणा र गहुँभन्दा १.५ गुणा बढी आइरन पाइन्छ । मैथिलीमा मडुवा, नेवारीमा डुसी, अंग्रेजीमा मिलेट भनिने कोदो प्रोटिन, भिटामिन, ऊर्जा तथा खनिजको प्रमुख स्रोत हो । यसलाई भविष्यको स्मार्ट खानासमेत भनिएको छ ।

कोदो हाम्रो मुलुकका लागि फ्युचर स्मार्ट फुड ( भविष्यको स्मार्ट भोजन) रहेको जनाउँदै नेपाल कृषि अनुसन्धान परिषद् (नार्क), जिन बैंकका वरिष्ठ वैज्ञानिक डा. बालकृष्ण जोशी भन्छन्- 'यसलाई ढिँडोका रूपमा मात्र नभई मस्म, सेलरोटी, बिस्कुट, चाउचाउ र रोटी लगायतका आधुनिक परिकारका रूपमा पनि उपयोग गर्नुपर्छ ।' सामान्य स्वस्थ व्यक्ति मात्र नभई बालबालिका, गर्भवती, मधुमेह, रक्तचापका बिरामीलाई समेत कोदो खानाले उल्लेख्य फाइदा पुग्ने वैज्ञानिक अनुसन्धानबाट पुष्टि भइसकेको औंल्याउँदै उनी स्वास्थ्य सम्बन्धी फाइदाका लागि यसको उपयोग हुनुपर्ने सुझाउँछन् ।

कोदो तराईदेखि उच्च पहाडी क्षेत्रसम्म जुनसुकै जलवायुमा पाइन्छ । हामीलाई चाहिने प्रायः सबै थोक यसमा हुने गरेको विज्ञहरू औंल्याउँछन् । 'कोदोको सन्तुलित उपयोगले राम्ररी पोषित भएर स्वस्थ रहन सघाउँछ'- युनिसेफ नेपालका पोषणविद् नवीन पौडेल भन्छन्- 'पहिले नहुनेले कोदो खाने गरे पनि आजकल हुनेले खान थालेको अवस्था छ ।'

नेपाली समाजमा कोदोको उपयोगलाई कुनै बेला गरिबीको प्रतिक समेत मान्ने गरिएको थियो । यसलाई कुअन्न मान्ने परम्पराले गर्दा यसको गुण अपहेलित हुँदै आएको छ । नेपालीको खाने चलनमा मुख्य घटक नै भात भएको र यसैमा अत्यधिक निर्भर रहने भएकोले नसर्ने रोगको वृद्धिमा समेत यसले सघाइरहेको छ । दशैंको पहिले तराई र पहाडमा आर्थिकरूपले विपन्न वर्गलाई स्वस्थ राख्ने मुख्य आधारमध्ये एउटा कोदोसमेत हुन सक्ने पौडेलको अनुमान छ । धेरैजसो शहरी क्षेत्रका हुनेखानेहरूले 'थ्रिल' रमाइलो र फरक स्वादको लागि कोदो खाने गरेको जनाउँदै पौडेल भन्छन्- 'हामी यसको फाइदा जानेरभन्दा पनि नजानेर परम्पराग बानीव्यहोरा आदिले खाइरहेका छौं ।'

हाल हाम्रो मुलुकमा अमृतजस्तै उपयोगगर्न सकिने कोदोको विषजस्तो उपयोग भइरहेको विज्ञहरू बताउँछन् । कोदोको उपयोग घरेलु जाँड, रक्सी, तोङबा लगायतमा बढी भइरहेको दुःखद् स्थिति औंल्याउँदै खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग (डीएफटीक्यूसी) का वरिष्ठ खाद्य अनुसन्धान अधिकृत पूर्णचन्द्र वस्ती भन्छन्- 'कोदोको नियमित सन्तुलित उपयोग मात्रै गर्न सके पनि हाम्रो मुलुकबाट कुपोषण हटाउन सकिन्छ ।'

ढिँडोको रूपमा कोदो खानु अति नै फाइदाजनक मानिन्छ । रोटीको रूपमा खानु वा गहुँ, मकै आदि पिठोमा कोदोको पिठो मिसाएर रोटी लगायतका परिकार बनाउनु समेत लाभदायक मानिन्छ । अफ्रिकातिर कोदोलाई सातु जस्तै फिटेर खाने चलन छ । हाम्रो मुलुकमा पनि यसरी कोदोको उपयोग गरिँदा यसले थप स्वास्थ्य सम्बन्धी फाइदा मिल्न सक्छ ।

बालबालिकाका लागि बनाइने लिटोमा कोदोको उपयोग गर्दा उनीहरूको विकासका लागि थप टेवा पुग्ने गर्छ । मल्टिग्रेन (बहुअन्न) पिठोमा कोदोमिसाएर थप स्वस्थकर र स्वादिलो रूपमा उपयोग गर्न सकिने जनाउँदै बस्तीले 'हर्लिक्स' जस्तो शक्तिवर्द्धक पेय पदार्थ बनाउने 'डीएफटीक्यूसी' मा केही अनुसन्धान भइरहेको बताए ।

खासगरी गर्भवतीले क्याल्सियमको चक्की खानुको सट्टा दुईवटा कोदोका रोटी खाए पुग्छ । स्तनपान गराउनेहरूका लागि समेत यो दूध बढाउने आधार बन्छ । भारतमा कोदोले पापड, भुजिया, स्पागेटी, नुडल्स आदि बनाउन थालिएको छ । कोदोमा अरू पिठो मिसाएर बिस्कुट, पाउरोटी, बन, केक, मफिन, शिशु खाद्य पदार्थजस्ता विभिन्न परिकार बनाउन थालिएको छ । वस्तीका अनुसार, कोदो फलाम, क्याल्सियम जस्ता म्याग्नेसियम, फोस्फोरस र पोटेसियम जस्ता खनिजको समृद्ध स्रोत हो । यसमा प्रशस्त मात्रामा क्याल्सियम हुन्छ ।

फाइबरले भरिपूर्ण कोदोमा विभिन्न भिटामिन (जस्तै र बिटा क्यारोटिन, नियासिन, भिटामिन बी ६, फोलिक एसिड) हुन्छन् । यसमा भएको लेसितिनको उच्च मात्राले स्नायु प्रणालीलाई बलियो बनाउन सघाउँछ । यसको उपयोगले कुपोषण हटाउन सकिन्छ । यसमा प्रशस्त मात्रामा पोलिफेनल्स, टयानिन, फाइटोस्टेरोल्स लगायतका फाइटोकेमिकल्स पाइन्छन् । यो एन्टिअक्सिडेन्टले समेत परिपूर्ण हुन्छ ।

मुलुकको खाद्यान्न बालीको चौथो महत्वपूर्ण बाली कोदो रहेको औंल्याउँदै बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रका वरिष्ठ बाली विकास अधिकृत प्रकाश आचार्य भन्छन्- 'कोदो खेतीमा मल, जल, विषादी आदिको खासै आवश्यकता नपर्ने हुनाले यो हाम्रो लागि अत्यन्त उच्च स्तरको अर्ग्यानिक खाद्यपदार्थ हो ।'

मानिसलाई ज्ञात सबैभन्दा पुरानो खाद्य पदार्थमध्ये एक कोदो खाद्य र पोषण सुरक्षाको दृष्टिले महत्वपूर्ण भए पनि सरकार र राज्यले खासै महत्व दिएको छैन । हाम्रो मुलुकमा कोदोका दुई सयभन्दा बढी स्थानीय जात पाइन्छन् । यसको बीउ घरेलुस्तरमै करिब १० वर्षसम्म सुरक्षित राख्न सकिन्छ । मुलुकमा करिब दुई लाख ६० हजार हेक्टरमा कोदोको खेती हुन्छ । वार्षिक रूपमा करिब तीन लाख १५ हजार मेट्रिक टन कोदोको उत्पादन हुन्छ । मुलुकमा कोदो बाली लगाउने कूल क्षेत्रफलको ७५ प्रतिशत जग्गा मध्यपहाडी जिल्लामा पर्छ ।

**क्यान्सर, मुटुरोग र मधुमेहबाट जोगाउँछ**

इण्डियन इन्स्टिच्युट अफ मिलेट रिसर्च ( आईआईएमआर), हैदरावाद, भारतको तथ्यपत्र अनुसार कोदोबाट धेरै लाभ लिन सकिन्छ । महामारी सम्बन्धी अध्ययनहरूले के देखाएका छन् भने कोदोको उपयोगले मुटु रोगको जोखिम कम हुन्छ, मधुमेहबाट जोगाउँछ, पाचन प्रणालीमा सुधार ल्याउँछ, क्यान्सरको जोखिम कम गर्छ, शरीरको शुद्धीकरण गर्छ र विषाक्तता हटाउँछ, श्वासप्रश्वासको स्वास्थ्य सम्बन्धी प्रतिरोधक क्षमता बढाउँछ, ऊर्जास्तरमा वृद्धिसँगै मांशपेशी र नशा सम्बन्धी प्रणालीमा सुधार ल्याउँछ, पार्किन्सन्स रोग, मेटाबोलिक सिन्ड्रोम लगायतका थुप्रै डिजेनरेटिभ (पुनर्निर्माण हुन नसक्ने) रोगविरुद्ध सुरक्षा प्रदान गर्छ ।

**कोदो खाँदाका फाइदा**

- मुटु रोग लाग्न दिँदैन ।
- एन्टिअक्सिडेन्ट गुण हुन्छ ।
- हाड बलियो बनाउँछ ।
- बालबालिकाको हाड र दाँतको विकासमा सघाउँछ ।
- नराम्रो कोलेस्ट्रोल घटाउँछ ।
- शरीरको विषाक्तता बाहिर निकाल्छ ।
- पाचनतन्त्रलाई तन्दुरुस्त राख्छ ।
- रगतको कमी हुन दिँदैन ।
- कब्जियत हुन पाउँदैन ।
- टाइप २ मधुमेहबाट जोगाउँछ ।
- स्तन क्यान्सर हुन दिँदैन ।
- शारीरिक तौल नियन्त्रित राख्छ ।
- रक्तचाप घटाउन प्रभावकारी हुन्छ ।
- मृगौला र कलेजोको रोग लाग्न दिँदैन ।
- रोग प्रतिरोधी क्षमता बढाउँछ ।
- फलफूल र सागसब्जी जतिकै पोषक हुन्छ ।
- ऊर्जाको राम्रो स्रोत हो ।
- पित्तथैलीमा पत्थरी हुन दिँदैन ।
- मीठो निद्रामा सघाउँछ ।
- छाला चम्किलो बनाइराख्छ ।
- घाउ छिटो भरिन सघाउँछ ।
- आमाको दूध बढाउँछ ।
- मोटाहरूका लागि उपयोगी हुन्छ ।
- सिलिएक रोग वा ग्लुटेन एलर्जीबाट पीडितहरूका लागि उपयोगी हुन्छ ।
- कुपोषण हुन दिँदैन ।

# अन्तरपुस्ता सीप हस्तान्तरण



**बिर्तामोड, साउन ३१।** झापा बिर्तामोडको देवी माविमा शुक्रबार अनौठो कार्यक्रम भयो । त्यो नयाँ पुस्तालाई पुराना पुस्ताले सीप, कला, संस्कृतिबारे जानकारी दिने कार्यक्रम थियो ।

आधुनिकताले लोकसंस्कृति, सभ्यता र रहनसहन लोप हुँदै गएको भन्दै बिर्तामोडमा ज्येष्ठ नागरिक अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम गरिएको हो । पछिल्लो पुस्तामा आजभन्दा अघिल्ला पुस्ताका सीप, कला तथा संस्कृति हराउँदै गएपछि बिर्तामोडको देवी माविले उक्त कार्यक्रम आयोजना गरेको विद्यालयकी प्रधानाध्यापक अम्बिका श्रेष्ठले जानकारी दिइन् ।

कार्यक्रमले पहिलेका पुस्ताले पछिल्लो पुस्तामा सीप हस्तान्तरण गर्नुपर्छ भन्ने सन्देश दिएको उनले बताइन् । विद्यार्थीलाई पढाइका अतिरिक्त व्यवहारिक शिक्षा पनि दिनुपर्ने र उनीहरुलाई पुराना संस्कार र संस्कृति जोगाएर राख्नुपर्ने रहेछ भन्ने कुराको आभाष दिलाउन कार्यक्रमको आयोजना गरेको उनले बताइन् ।

प्रदेश नम्बर १ को सामाजिक विकास मन्त्रालयको सहयोगमा भएको कार्यक्रममा मुकुन्दकुमारी घिमिरेको आमा समूहले संगिनी प्रस्तुत गरेको थियो । त्यस्तै, देवीप्रसाद मैनालीको समूहले कविता वाचनसँगै खाँडो जगाएको थियो भने तेजप्रसाद बरालको समूहले बालन गाएको थियो । कार्यक्रममा अभिचन्द्र पोखरेलले काठे ठेकीमा मोही पारेर देखाएका थिए । कुलप्रसाद पौडेलले डोको बुन्ने कार्य, यशोदा अधिकारीले टपरी गाँस्ने र बात्ती कात्ने, धनमाया थापाले पिरा बुन्ने, माया सापकोटाले ओखलमा पिठो कुट्ने, मुना श्रेष्ठले जाँतोमा मकै पिस्ने र धनबहादुर पोखरेलले ढेलामा डोरी बाँट्ने सञ्चारकर्मी धनपति भट्टराई र ९७ वर्षीया पवित्राकुमारी घिमिरेले श्लोक प्रस्तुत गरेका थिए ।

कार्यक्रममा प्रगति फुलबारी कीर्तन मण्डलीले भजन गाएको थियो भने सञ्जु तामाङको समूहले तामाङ घेदुङ नाच, नेवाः देय् दबू बिर्तामोडले लाखे नाच प्रस्तुत गरेका थिए । धान नाच र चण्डी नाच समेत प्रस्तुत गरिएको कार्यक्रममा शिक्षक धनबहादुर पोखरेलले 'हे आमा नेपाल तिमीलाई संसारकै राम्री बनाउँला' बोलको गीत गाएका थिए । कार्यक्रमको उद्घाटन प्रदेश सभा सदस्य एकराज कार्कीले गरेका थिए । कार्यक्रममा कार्कीले नयाँ पुस्तामा पुरानो पुस्ताको दैनिक जीवनका सीप र संस्कार हस्तान्तरणका लागि यस्तो कार्यक्रम महत्वपूर्ण हुने बताउँदै यस्ताखाले कार्यक्रमले आधुनिक परिवेशमा हुर्किएका पछिल्लो पुस्ताले आफ्ना पुर्खा र अभिभावकले गर्दै आएको कामको सिको गर्न मद्दत पुग्ने जानकारी दिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्ञानुराम प्रसाईंको अध्यक्षतामा भएको कार्यक्रममा पूर्वसांसद तथा ज्येष्ठ नागरिक संघ झापाका वरिष्ठ उपाध्यक्ष तारासम योङ्या, बिर्तामोडकी नगर उपप्रमुख पवित्रा महतारा प्रसाईं, शिक्षा विकास तथा समन्वय इकाइ झापाका प्रमुख जयप्रसाद महत, बिर्तामोड- ५ का वडाध्यक्ष राजेन्द्रप्रसाद लिङ्देन, ज्येष्ठ नागरिक संघ बिर्तामोडका अध्यक्ष कुलप्रसाद संग्रौलाले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन सहायक प्रधानाध्यापक लीलाप्रसाद भण्डारीले गरेका थिए ।

# विद्युतीय धरापमा परी वृद्धाको मृत्यु

**भद्रपुर, साउन ३१।** जङ्गली हात्ती नियन्त्रणमा लागि लगाइएको विद्युतीय धरापमा परी एक वृद्धाको मृत्यु भएको छ ।

धरापमा परी करेन्ट लागेर मृत्यु हुनेमा मेचीनगर नगरपालिका-९ स्थित माथिल्लो मागुरमाडीका ६० वर्षीया गंगा थपलिया रहेको प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए ।

प्रहरीका अनुसार आफ्नै घरको पछाडिपट्टीको खेतबारीमा जङ्गली हात्ती नियन्त्रणका लागि लगाइएको बिजुलीको तारमा वृद्धा थपलियालाई करेन्ट लागेको थियो । करेन्ट लागेर उनको घटनास्थलमै मृत्यु भएको प्रहरी नायव उपरीक्षक श्रेष्ठले जानकारी दिए ।



# साम्राज्ञीलाई भ्याइ नभ्याई

अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहले फिल्ममा प्रवेश गरेको छोटो समयमा जुन 'नेम र फेम' पाइन् त्यो साँच्चै लोभलाग्दो छ । फिल्ममा आफूलाई स्थापित गर्न उनले खासै संघर्ष गर्नु परेन । डेब्यू फिल्म 'ड्रिम्स' ले नै उनलाई करिअर फर्किएर हेर्नु नपर्ने अवस्थामा पुर्‍यायो । अहिले उनी नेपाली फिल्मकी सर्वाधिक महँगी र डिमान्डेड अभिनेत्री हुन् । उनलाई फिल्ममा लिन मेकरबीच तानातान हुने गरेको छ ।

बोल्ड अभिनेत्रीको छवि बनाएकी साम्राज्ञी अरू अभिनेत्री जस्तो बग्रेल्ती फिल्म गर्दिनन् । वर्षमा उनको दुई फिल्म प्रदर्शनमा आउँछन् । तर, निकै कम समयको अन्तरमा । गत वर्ष 'कायरा' र 'इन्टु मिन्टु लण्डनमा' प्रदर्शनमा आएको थियो, डेढ महिनाको अन्तरमा । यस वर्ष पनि उनका दुई फिल्म 'मारूनी' (भाद्र १३) र 'रातो टिका निधारमा' ( असोज १०) एक महिनाको अन्तरमा हलमा लाग्दैछन् ।

निर्माता-निर्माताबीचको व्यवसायिक द्वन्द्वमा फसेकी साम्राज्ञीलाई दुई फिल्म महिना दिनको अन्तरमा प्रदर्शनमा आउने भएपछि ठूलै चटारो सुरू भएको छ । दुई फिल्मको अहिले उनलाई एकसाथ प्रचार गर्नुपरेको छ । 'मारूनी' र 'रातो टिका निधारमा' दुबै फिल्मको फोरममा उनले दुबै फिल्मको चर्चा गर्न भ्याउँछिन् ।

दुई फिल्ममा आफूले करिअरको सबैभन्दा चुनौतिपूर्ण भूमिका निर्वाहा गरेको उनको भनाई छ । फोटो विवादले करिअर बचाउनै मुश्किल भइरहेको अवस्थामा साम्राज्ञीका लागि दुई फिल्मको व्यापारिक नतिजा निकै महत्वपूर्ण मानिएको छ । उनलाई आफ्नै काँधमा बोकेर फिल्म सफल बनाउन सक्ने अभिनेत्री भन्ने गरिन्छ ।

# राष्ट्र निर्माणका लागि युवा परिचालन र नेतृत्व विकास



योगेन्द्र पौडेल

युवा शक्ति कुनै पनि देशको राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनको संवाहक हो । युवा जनशक्तिको संख्यात्मक तथा गुणात्मक विकासका माध्यमबाट अहिलेका विकसित तथा विकासशील राष्ट्रले विकास निर्माणमा प्रगति हाँसिल गरेको देखिन्छ । हरेक देशको विकास र प्रगतिमा युवाको योगदान नै प्रमुख हुने गरेको छ । यसबाट नेपाल युवा जनसांख्यिक लाभांशबाट फाइदा लिई समृद्धि र विकासको सुनौलो युगमा प्रवेश गर्न सक्ने अवसरको अवस्थामा रहे पनि राजनीतिक संक्रमणका कारण देशको आर्थिक र सामाजिक क्षेत्रमा अपेक्षाकृत परिवर्तन हुन सकेको छैन ।

युवा अवस्थालाई विभिन्न मुलुकले फरक-फरक तरिकाले परिभाषित गरेको पाइन्छ । शारीरिक र मानसिक विकासका दृष्टिले युवा भन्नाले किशोर अवस्था र वयस्क अवस्थाबीचको उमेर समूहलाई जनाउँछ । यो जनसंख्याको सर्वाधिक सक्रिय, ऊर्जावान् र गतिशील समूह हो । संसारका विभिन्न देशहरूको अनुभव हेर्दा पनि युवाको उमेर समूह फरक-फरक पाइन्छ । अधिकांश देशमा युवाको उमेर १५-३५ वर्षका बिचमा कायम गरिएको पाइन्छ भने संयुक्त राष्ट्रसंघ र विश्व बैंक जस्ता अन्तर्राष्ट्रिय संस्थाले १५ देखि २४ वर्षको उमेर समूहलाई युवा मानेको पाइन्छ । नेपालको सन्दर्भमा राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्षलाई युवा उमेर समूह निर्धारण गरेको छ ।

नेपालको जनसंख्याको १६ देखि ४० वर्ष उमेर समूहलाई हेर्दा यो कुल जनसंख्याको ४०.३५ प्रतिशत हुन आउँछ र आउने दशकमा यो प्रतिशत अझै बढ्ने निश्चित छ । नेपाल सरकारका विभिन्न निकायमा युवा उमेर समूहबारे अझै एकरूपता कायम हुन नसकिरहेको सन्दर्भमा 'युथ भिजन - २०२५' मा १६ देखि २४ वर्ष र २५ देखि ४० वर्षको उमेर समूहमा विभाजन गरी समूहगत प्राथमिकता निर्धारण गरिएको छ । नेपालमा युवा विकास तथा परिचालनका लागि २०६५ सालमा नेपाल सरकारले युवा तथा खेलकुद मन्त्रालय स्थापना गरेको थियो । मन्त्रालय गठनसँगै राष्ट्रिय युवा नीति तर्जुमा गरी युवा विकास र परिचालनका विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । नेपाल सरकारको तेह्रौं योजनाको आधारपत्र (२०७०/०७१–२०७२/०७३) मा युवामा उद्यमशीलता र क्षमता अभिवृद्धि गर्ने, स्वरोजगार र आय आर्जन कार्यक्रममा सक्रिय बनाउने र राष्ट्रिय विकासको नेतृत्व गर्न सक्ने गरी सशक्तीकरण गर्ने रणनीति तय गरिएको छ ।

यसै अनुसार युवासँग सम्बन्धित शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, श्रम तथा रोजगार, खेलकुद लगायतका क्षेत्रमा नेपाल सरकारका विभिन्न मन्त्रालयहरूले क्षेत्रगत नीति तर्जुमा गरी कार्यक्रमहरू कार्यान्वयन गर्दै आएका छन् । युवा विकास र परिचालनका लागि युवा तथा खेलकुद मन्त्रालयसँग समन्वय गरी युथ भिजन २०२५ को मर्म र भावना अनुसार युवा लक्षित विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने उद्देश्यले राष्ट्रिय युवा परिषद् ऐन २०७२ जारी भई सो अनुसार राष्ट्रिय युवा परिषद् स्थापना र गठन भइसकेको छ । राष्ट्रिय युवा नीति २०७२ मा युवा विकासका व्यापक विषय वस्तुलाई नीतिगत रूपमा समावेश गरिएको छ ।

तिनै विषयहरूलाई प्राथमिकता निर्धारण गरेर कार्यान्वयनका लागि युवा विकासको स्पष्ट दृष्टिकोण, रणनीतिक कार्ययोजना र कार्यक्रम तय गर्नु अति आवश्यक छ । नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरू, युवा विकाससँग सम्बन्धित संघ/संस्थाहरू र अन्तर्राष्ट्रिय दातृ संस्थालाई युवा विकासको लक्ष्यमा समन्वयात्मक रूपमा परिचालन गरी राष्ट्रिय युवा



परिषद्मार्फत राष्ट्रिय युवा नीति, २०७२ लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न 'युथ भिजन-२०२५' सहितको दश बर्षे रणनीतिक योजना निर्माण भइ सोको कार्यान्वयनको प्रक्रिया पनि शुरु भएको छ । अन्तर्राष्ट्रियस्तरमै युवा क्षेत्रमा भएका प्रगति र नेपालको अवस्थालाई मध्यनजर गरी 'युथ भिजन - २०२५' ले अहिलेको युवा विकासका मूल समस्यालाई लक्षित गरी युवा विकासका पाँच रणनीतिक आधार स्तम्भ तय गरेको छ ।

नेपाललाई सन् २०२५ सम्म द्रुत विकासशील राष्ट्रमा पुऱ्याउन शिक्षालाई गुणस्तरीय, व्यावसायिक र रोजगारीमूलक बनाउँदै सम्पूर्ण युवाको पहुँच सुनिश्चित गर्नुपर्दछ । यो युवा विकासको लागि गरिनुपर्ने आधारभूत कार्य हो । युवा उद्यमशीलता, सिप विकास र रोजगारी सिर्जना अर्को प्रमुख कार्य हो । कृषि, पर्यटन, ऊर्जा, पूर्वाधार र जडीबुटी नेपालका लगानी र रोजगारीका महत्वपूर्ण क्षेत्र हुन् ।

त्यसैगरी सबल र स्वस्थ युवा निर्माणका लागि सन् २०२५ सम्म गर्नुपर्ने अर्को महत्वपूर्ण काम युवाका लागि स्वास्थ्य र सामाजिक सुरक्षाको सुनिश्चितता हो । युवालाई कस्तो प्रणालीबाट हामी स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न सक्छौं भन्ने कुरा महत्वपूर्ण हुन आउँछ । युवा परिचालन, सहभागिता र नेतृत्व विकासबिना कुनै पनि देशले विकासको अपेक्षित लक्ष्य हाँसिल गर्न सक्दैन । युवा राष्ट्रिय अभियानहरू र देश निर्माण प्रक्रियामा उनीहरूको सक्रिय सहभागिता र स्वयम्सेवी भूमिका मार्फत समाज र देशलाई आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण गर्न सकिन्छ ।

युवा स्वावलम्बन, सशक्तीकरण, सहकार्य, पहलकदमी मार्फत राष्ट्र निर्माणका निमित्त युवा नेतृत्वलाई विकास र स्थापित गर्दै जानुपर्दछ । खेलकुद र मनोरञ्जनलाई युवाको मानसिक र शारीरिक स्वास्थ्यका साथै व्यक्तित्व विकाससँग समेत जोड्नुपर्दछ । खेलकुदको विकासले युवामा राष्ट्रिय भावना र ऐक्यबद्धता कायम गर्न मद्दत गर्दछ । यसका लागि मनोरञ्जन केन्द्र, व्यायाम केन्द्र, पार्कहरू, रङ्गशाला, कभर्डहल, खेल मैदानहरू, सांस्कृतिक कला केन्द्र स्थापना गर्न राज्यको लगानी आवश्यक हुन्छ । खेलकुदलाई व्यापकता दिन विद्यालय स्तरदेखि नै योजनाबद्ध विकास गरी सबै युवाको पहुँच सुनिश्चित गरिनु आवश्यक छ ।

नेपाली युवालाई सबल, सक्षम, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउँदै उनीहरूको सार्थक सहभागिता र नेतृत्व क्षमता विकास मार्फत आधुनिक, न्यायपूर्ण र समृद्ध नेपाल निर्माण गर्न स्थानीय विकासमा सहभागी गराउन आवश्यक देखिएको छ । नेपालको हरेक राजनीतिक परिवर्तनमा युवाको ठूलो योगदान छ । राणाशासनको अन्त्यदेखि प्रजातन्त्र पुनः प्राप्ति हुँदै गणतन्त्र नेपाल निर्माण अभियानमा युवाको ठूलो योगदान छ । युवालाई राजनीतिक लक्ष्य प्राप्तिमा उपयोग गरिएको नेपालको विकास र समृद्धिमा पनि युवाको सशक्त उपयोगबाट ठूलो उपलब्धि हाँसिल गर्न सकिन्छ । युवालाई स्वदेशमै अवसरका सिर्जना निर्माण गर्दै स्थानीय तहका योजना र बजेटबाट युवा सहभागितामा गरिने विशिष्ट नमुना योजनाहरूको तयारी र कार्यान्वयन गर्न आवश्यक छ ।

युवा भविष्यको कर्णधार मात्र होइनन्, वर्तमानको साझेदार पनि हुन् । उच्च कार्यसम्पादन क्षमता भएको उमेर समूह पनि हो । विश्वव्यापीकरणको सकारात्मक प्रभाव र प्रविधिको समयानुकूल दक्षता भएको समूह हो । कार्य दृढता, सकारात्मक सोच, इमान्दारिता र अनुशासनयुक्त युवा आजको मुलुकको आवश्यकता हो । युवालाई समाज विकास प्रति इमानदार र अनुशासनयुक्त बनाउन जीवनोपयोगी सीप, आम युवा सहभागिता, सहकार्य र नेतृत्व विकास मार्फत युवा विकासका कार्यक्रम सञ्चालन गर्दै स्वयम्सेवी अभियानहरू सञ्चालन गर्न आवश्यक छ । सानो-सानो समूहमा गोल बन्द भई, युवा क्लबहरू गठन गरी, गैरसरकारी संघ-संस्था मार्फत सामाजिक क्षेत्रमा क्रियाशील युवालाई स्थानीय सरकारबाट प्रोत्साहित गरी मानव विकास र भौतिक विकासमा परिचालन गर्नुपर्छ ।

युवालाई विकास मैत्री उमेर समूहको रूपमा समेत विकास गर्दै लैजानुपर्छ । सन् २०३० सम्ममा दिगो विकास लक्ष्यका सबै सूचकहरू हाँसिल गरिसक्ने अभिसन्धिमा नेपालले हस्ताक्षर गरेको छ । दिगो विकास लक्ष्य हाँसिल गर्न दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न नेपालमा बहस प्रारम्भ भइसकेको छ । दिगो विकास लक्ष्य हासिल गर्न युवाको परिचालनलाई मुख्य रणनीतिक मार्गचित्रको रूपमा लिइएको छ । यस सन्दर्भमा हामीले स्थानीय विकासमा युवाको सहभागिता गराउने नीति अख्तियार गर्न जरुरी छ । युवा विकासको सारथि बन्न तयार हुनुपर्दछ । अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा युवाको सहभागितामा समृद्ध नेपाल निर्माण गर्ने अभियान प्रारम्भ होस् ।

*(पौडेल भद्रपुर नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत् छन् ।)*